# पर्वत जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अर्न्तगत नेपाली शिक्षण विभागको स्नातकोत्तर तह दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोध–पत्र


**शोधार्थी**

मन्जु शर्मा

रजिस्ट्रेशन नं.- ४१२४६–८८

परीक्षा रोल नं.– ५५०१२३

शैक्षिक शत्र – २०६४–०६६

नेपाली शिक्षण विभाग

महेन्द्र बहुमुखी क्याम्पस

नेपालगन्ज, बाँके


२०६८

# शोध निर्देशकको मन्तव्य

प्रस्तुत “पर्वत जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन , वर्गीकरण र विश्लेषण” शीर्षकको शोधपत्र एम.ए. दोस्रो वर्षका छात्रा मन्जु शर्माले मेरो निर्देशनमा तयार गर्नुभएको हो । शोधार्थीले निकै परिश्रमपूर्वक तयार गरेको यस शोधकार्यसंग म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :- २०६८।१०।०२

उप.प्रा. गिरिराज पौडेल
विभागीय प्रमुख
महेन्द्र बहुमुखी क्याम्पस
नेपालगन्ज  बाँके

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज की छात्रा मन्जु शर्माले स्नाकोत्तर तह (एम. ए.) नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको "पर्वत जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण" शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

................
शोध निर्देशक
उप.प्रा. गिरिराज पौडेल

....................
बाह्र्य परीक्षक

.....................
विभागीय प्रमुख
उप. प्रा. गिरिराज पौडेल

मिति-२०६८/१० / ११

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु, विभागीय प्रमुख श्री गिरिराज पौडेलज्यूको निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार पार्ने सर्न्दभमा आइपरेका विभिन्न समस्या र अड्चनहरुसंग जुध्ने प्रेरणा दिदैं सही पथ प्रर्दशन गराएर अघिबढ्न उत्प्रेरित गरि आफ्ना कतिपय व्यावहारिक कार्यहरुलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्ना विविध कार्य व्यस्ततालाई प्रवाह नगरी आवश्यक सल्लाह र सुझाव दिनुहुने सहायक प्राध्यापक श्री डम्बर बहादुर पुनज्यू तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली शिक्षण विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्रका लागि सामग्री सङ्कलन मा सहयोग गर्ने भाइहरु ध्रुव शर्मा, सुवास सुबेदी, बहिनीहरु सुबेच्छा शर्मा, रन्जिता शर्मा तथा मेरा परिवारका सदस्यहरुप्रति म कृतज्ञ छु । यसरी नै आर्थिक र व्यवहारिक समस्यासंग संघर्ष गर्दै आफ्नो अमूल्य समय र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याई पुऱ्याउने तथा विविध क्षेत्रबाट सहयोग गर्ने जीवन साथी श्री पुरुषोत्तम खनाललाई हृदयदेखि नै सम्झिन चाहन्छु ।

यो शोधपत्रको कम्प्युटरमा सहयोग गर्ने पि.वि. कम्प्युटर सेन्टर, बेलवाका साथी विष्णु पोखेल, रेशम सरलाई र राज डेस्कटप सेवाका प्रो. कृष्ण हरी जैसीज्यू प्रति धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनको लागि त्रि.वि. महेन्द्र बहुमुखी क्याम्पस, नेपाली शिक्षण विभाग नेपालगन्ज समक्ष पेश गर्दछु ।

**मन्जु शर्मा**

महेन्द्र बहुमुखी क्याम्पस

नेपालगन्ज, बांके

मिति : २०६८/०९/१३

# विषय सूची

**पेज नं.**

## परिच्छेद : एक


| | | |
|---|---|---|
| १. | शोध परिचय | १ |
| | १.१. शोध शीर्षक | १ |
| | १.२. शोध प्रयोजन | १ |
| | १.३. विषय परिचय | १ |
| | १.४. समस्या कथन | १ |
| | १.५. शोध कार्यको उद्देश्य | २ |
| | १.६. पूर्वकार्यको समीक्षा | २ |
| | १.७. शोध कार्यको औचित्य र महत्व | ४ |
| | १.८. शोधकार्यको सीमा र क्षेत्र | ४ |
| | १.९. शोध विधिः | ५ |
| | १.१०. शोध पत्रको रुपरेखा | ५ |


## परिच्छेद : दुई


| | | |
|---|---|---|
| १. | पर्वत जिल्लाको परिचय | ६ |
| | १.१ जिल्लाको ऐतिहासिक पक्ष : | ६ |
| २. | भौगोलिक स्थिति : | ६ |
| | २.१ क्षेत्रफल र सिमाना : | ६ |
| | २.२ धरतलीय स्वरुप : | ७ |
| | २.३ हावापानी : | ७ |
| | २.४ नदीनालाहरु : | ७ |
| | २.५ वनजंगल : | ७ |
| | २.६ तीर्थस्थल : | ७ |
| ३. | सामाजिक जनजिवन : | ८ |
| | ३.१ जातजाति : | ८ |
| | ३.२ धर्म : | ८ |
| | ३.३ पेशा : | ९ |
| | ३.४ रहन सहन : | ९ |
| ४. | राजनैतिक तथा प्राकृतिक विभाजन : | १० |

५.	जनसंख्या :	१०
६.	शैक्षिक अवस्था :	१०
७.	यातायात :	१०
८.	संचार :	१०
९.	विद्युत :	१०
१०.	सिंचाई :	११
११.	खानेपानी :	११

**परिच्छेद : तिन**

३.१ लोकगीतको सैद्धान्तिक परिचय :	१२
३.१.१. लोकगीतको परिचय :	१२
३.१.२. लोकगीतको परिभाषा :	१३
३.१.३ लोकगीतका विशेषताहरु	१३
३.२. लोकगीतका तत्वहरु	१७
३.३. लोकगीतको वर्गीकरण	२१
३.४. नेपाली लोकगीतको अध्ययन परम्परा :	४१

**परिच्छेद : चार**

४.	मुडिकुवाली बाह्रमासे लोकगीतको सङ्कलन , वर्गीकरण र विश्लेषण	४४
४.१. बाह्रमासे लोकगीतः	४४
४.२. सङ्कलित मुडिकुवाली बाह्रमासे लोकगीतहरु	४४
४.३. बाह्रमासे लोकगीतको वर्गीकरण	७९
४.४ बाह्रमासे लोकगीतको विश्लेषण	८९

**परिच्छेद : पाँच**

५.	उपसंहार	९५
**सन्दर्भग्रन्थ सूची**

# परिच्छेद : एक

## १. शोध परिचय

### १.१. शोध शीर्षक

प्रस्तुत शोध शीर्षक “पर्वत जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण” रहेको छ ।

### १.२. शोध प्रयोजन

प्रस्तुत शोध कार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र महेन्द्र बहुमुखी क्याम्पस अर्न्तगत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि गरिएको छ ।

### १.३. विषय परिचय

पर्वत जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रको धौलागिरी अञ्चलमा पर्ने मध्य पहाडी जिल्ला हो । यो जिल्लाको ऐतिहासिक, भौगोलिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा जति महत्वपूर्ण स्थान राखेको छ, लोक साहित्यिक क्षेत्रमा पनि त्यति नै महत्वपूर्ण स्थान राखेको छ । लोक साहित्यका विभिन्न विधाहरुमध्ये लोकगीतमा त झन यसको उल्लेख्य स्थान छ । यस जिल्लामा हुने कुनै पनि चाडपर्व, मेलापात, घाँस, दाउरा आदिको परिश्रम बियाल्न विभिन्न खाले लोकगीत गाउने गरिन्छ । यस मध्ये अझै सबैको जनजिब्रोमा झुण्डिएको गीत बाह्रमासे गीत हो । लोकगीत मध्ये बाह्रमासे गीतको समग्र अध्ययन हुन सकेको छैन । यस शोधकार्यमा उक्त क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतको अध्ययन गरिएको छ ।

### १.४. समस्या कथन

लोक साहित्यका दृष्टिले उल्लेख्य मानिएको पर्वत जिल्ला त्यहाँको लोक साहित्यिक अध्ययन त्यति सन्तोषजनक हुन सकेको छैन । यहाँका लोकगीतहरुलाई व्यावहारिक र सामाजिक पक्षसँग मिलाएर अध्ययन विश्लेषण गर्ने काम अझ हुन सकेको छैन । लोक साहित्यका विभिन्न विधाहरु मध्ये गीतमा विशेष उल्लेख्य रुपमा रहेको पर्वत जिल्लाका प्रचलित लोकगीतमध्ये त्यहाँ प्रचलित बाह्रमासे लोकगीतका सयौं भाका मध्ये प्रचलित बाह्रमासे लोकगीतहरुको सङ्कलन वर्गीकरण र विश्लेषणलाई यस शोध कार्यको मुलभूत

संमस्याको रुपमा लिइएको छ । लोकगीतमा लय वा भाकाको महत्वपूर्ण स्थान हुने तर लोकगीत धेरै जसो सर्वसाधारण र बुढापाकाहरुद्धारा उच्चारण हुने हुँदा लोकगीतको वास्तविक भाकालाई ठम्याउन गाह्रो पर्छ । बुँदागत रुपमा भन्नुपर्दा निम्न समस्यामा केन्द्रित भएर यो शोधकार्य गरिएको छ ।

१) लोकसाहित्यमा लोकगीतका विद्यमान विधागत स्थान कस्तो छ ?

२) पर्वत जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित लोकगीत के कति प्रकारका छन् ?

३) नेपाली लोकगीतको वास्तविक पहिचान गर्न यहाँका लोकगीत के कति प्रकारका छन्

४) पर्वत जिल्लको मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतहरु के कस्ता छन् ?

५) यस क्षेत्रमा विविध पक्षीय लोकगीतका आधारमा कसरी विश्लेषण गर्न सकिन्छ ?

६) यहाँका लोकगीतलाई के कस्ता सिद्धान्तका आधारमा विश्लेषण गर्न सकिन्छ ?

## १.५. शोध कार्यको उद्देश्य

पर्वत जिल्ला लोकसाहित्यका दृष्टिले प्रख्यात जिल्ला हो । यो जिल्ला भौगोलिक दृष्टिले विकट भए पनि बाह्रमासे लोकगीतको संयौ थुंगाले यो क्षेत्र प्रसिद्ध मानिन्छ । यस जिल्लामा अझै लोकगीतको राम्रो अध्ययन हुन नसकेकोले निम्न उद्देश्य पूर्ति गर्न यो शोधपत्र तयार गरिएको छ ।

१) नेपाली लोकगीतको विधागत पहिचान दिन,

२) मुडिकुवा क्षेत्रमा प्रचलित लोकगीतहरुका प्रकारहरुको पहिचान गर्न,

३) नेपाली लोकगीतको वास्तविक पहिचानमा यस क्षेत्रका लोकगीतको सफलता अध्ययन गर्न ।

४) मुडिकुवाली क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतको सङ्कलन गर्न,

५) यस क्षेत्रका लोकगीतका विविध पक्षीय विशेषता केलाउन,

६) यस क्षेत्रका लोकगीतको सिद्धान्तका आधारमा विश्लेषण गर्न,

## १.६. पूर्वकार्यको समीक्षा

भाषाको प्रस्फुटन सँगै प्रस्फुटित भएका लोकगीत धेरै दिनसम्म मौखिकै रहेको महत्व बोध गरेर मनबिर खत्रीले यसलाई प्रचार गरे । मौखिक रुपमै भएपनि जीवित राख्ने प्रयास गरे यसै क्रममा वि.सं. २००३ को शारदा पत्रिकामा नेपाली लोकगीतको सङ्कलन गरी नेपाली लोकगीतको पहिलो रुप देखियो ।[१] यसैगरी २००७ सालमा रेडियो नेपालको स्थापना भयो । यस बाट विभिन्न लोकगीत प्रसारित हुन थाले अनि लोकगीत प्रति धेरैको रुचि जाग्दै गयो । त्यसैले थापा सहितको केही व्यक्तिहरुको सक्रियतामा वि. सं. २०१० मा लोकगीत संग्रहालय खोलियो ।[२] यसपछि नेपाली लोकगीत सङ्कलन गरी अध्ययन गर्ने क्रममा विभिन्न व्यक्ति र पत्रपत्रिकाहरु देखिए ।

वि.सं.२०१४ मा सत्यमोहन जोशीको 'हाम्रो लोक संस्कृति' नामक पुस्तक प्रकाशित भयो । यसमा चुड्किला, वालन, सोरठी, संगीनी, घाटु, देउसी आदि नेपाली लोकगीतको चर्चा र व्याख्या गरिएको छ ।[३] नेपालको भौगोलिक, साँस्कृतिक तथा सामाजिक पक्षलाई ध्यानमा राख्दै त्यहाँका लोकगीतको सङ्कलन अध्ययन गरी वि.सं. २०२७ मा धर्मराज थापाले 'हाम्रो लोकगीत' नामक पुस्तक प्रकाशित गरे । यसै पुस्तकमा धौलागिर्रा अञ्चलका लोकगीतको पहिलो अध्ययन गरीएको छ ।[४] यसै कममा वि. स. २०३० मा धर्मराज थापाले 'गण्डकीका सुसेली' नामक पुस्तक प्रकाशित गरे । प्रस्तुत पुस्तकमा गण्डकी, धौलागिर्रा र लुम्बिनी तीन अञ्चलका लोकगीतको अत्यधिक भेदको परिचय दिन तिनको गायन प्रक्रियालाई समेत व्यवस्थित रुपमा चिनाइएको छ ।[५] पर्वत जिल्लाकै अध्ययन र विश्लेषण गर्ने क्रममा कुसुमाकर न्यौपानेले पैंयुखोलाको लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण शोधपत्र (२०६०) गरेका छन्[६] भने दिवाकर जैसीले पर्वतका मोदिवेनी क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन , वर्गीकरण र विश्लेषण (शोध –२०५५) गरेका छन् । यसै गरी दिपक भुषालले 'ज्ञादी क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण ( शोध- २०६३) तयार गरेका छन् ।

पर्वत जिल्लामा भएका अन्य विविध अध्ययनहरुमा टेकबहादुर श्रेष्ठले 'पर्वत राज्य र यसका छिमेकी राज्यसंगको राजनैतिक सम्बन्ध' (शोध-२०५०) सुगन्तनाथ सुबेदी नेपाली साहित्यमा पर्वत जिल्लाको योगदान (२०५६) तयार पारेका थिए ।

---

१. धर्मराज थापा र हंशपुरे सुवेदी 'नेपाली साहित्यको विवेचना' (काठमाण्डौ पा.वि.के २०४१) पृष्ठ ३७
२. धर्मराज थापा र हंशपुरे सुवेदी ऐजन पृष्ठ ३९
३. सत्यमोहन जोशी 'हाम्रो लोक संस्कृति' (काठमाण्डौ प्रकाशक (पुस्तक भवन) २०४१) पृष्ठ १६४
४. धर्मराज थापा 'हाम्रो लोकगीत' (काठमाण्डौ ने.ा.प्र.२०१७) पृष्ठ २७७
५. धर्मराज थापा 'गाण्डकीको सुसेली' (काठमाण्डौ ने.रा.प्र. २०३०) पृष्ठ ५४
६. कुसुमाकर न्यौपाने 'पैयुंखोले लोकगीत' (त्रि.वि.शोधपत्र २०४४) पृष्ठ ३७

यसरी पर्वत जिल्ला भौगोलिक रुपमा नेपालको तेस्रो सानो जिल्ला भएपनि लोकसाहित्यिक दृष्टिले यो जिल्ला कुनै जिल्लाभन्दा कम छैन । तर यस जिल्लाको समग्र लोकसाहित्यिक अध्ययन अझसम्म हुन सकेको छैन । यस शोध कार्यमा उक्त जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतको यथासम्भव सङ्कलन , वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.७. शोध कार्यको औचित्य र महत्व

लोकगीतको रुपमा विशेष प्रचलित पर्वत जिल्ला अहिलेसम्म पनि जनजिब्रोमा रमाइ रहेको लोकगीत मध्ये बाह्रमासे गीतको सङ्कलन , वर्गीकरण र विश्लेषण गर्ने कार्य उपयुक्त विषय हो । पर्वत जिल्लाका लोकगीतका बारेमा विस्तृत रुपमा जानकारी लिन चाहने जो कोहीका निम्ति पनि यो कार्य बढी लाभदायक भएको छ । सङ्कलित  बाह्रमासे गीतले पर्वत जिल्लाको सामाजिक, सांस्कृतिक, साहित्यिक, भाषिक प्रतिविम्ब समेत प्रस्तुत गरेको छ । यसरी समग्र नेपाली लोकगीतका अध्येता एवम् गीतकार, गायक र श्रोतागण समेत सबैलाई यस कार्यले लाभ पुऱ्याउने हुनाले यसको महत्वमा औचित्य स्पष्ट देखिएको छ ।

यसलाई अझ छरितो भाषामा भन्नुपर्दा समस्या कथनमा दिइएका समस्याहरु समाधान गरिने र उद्देश्य कथनमा दिइएका उद्देश्यहरु पूरा गरिने हुनाले यस शोध कार्यको औचित्य स्वतः स्पष्ट हुन्छ ।

## १.८. शोधकार्यको सीमा र क्षेत्र

यसको शीर्षक “ पर्वत जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतको सङ्कलन , वर्गीकरण  र विश्लेषण” अन्तर्गत शोधकार्य गर्दा धौलागिरी अञ्चलमा पर्ने पर्वत जिल्लाको पश्चिम भेग मुडिकुवा अन्तर्गत चार गा. वि.स.हरु क्रमशः शंकरपोखरी, कुस्मा, खानीगाउँ र फलेवास गा.वि.स.हरुलाई अध्ययनको सीमाक्षेत्र निर्धारण गरिएको छ । यस क्षेत्रमा प्रचलित

लोकसाहित्यका विभिन्न विधाहरु मध्ये लोकगीतका बाह्रमासे गीतलाई अध्ययनको विषय बनाइएको छ ।

## १.९. शोध विधिः

क) सामग्री सङ्कलन  विधि :

यस शोध कार्यको क्रममा सामग्री सङ्कलनका निम्ति क्षेत्रीय अध्ययन विधिलाई लिइएको छ । यस अन्तर्गत मेलापर्व, गोठाला, खेताला, कार्यक्रम तथा व्यक्तिहरु समक्ष आफै पुगी रेकर्डिङ, अन्तर्वाता आदि विभिन्न तरिका अपनाइएको छ । सङ्कलित  बाह्नमासे गीतको वर्गीकरण र विश्लेषणको निम्ति खास अनुसन्धान विधिबाट लोकगीत सम्बन्धी सैद्धान्तिक मान्यतालाई लिइएको छ ।

ख) सामग्री विश्लेषण विधि :

यस शोध कार्यमा समस्याको समाधानका लागि लोकगीतको अध्ययन पद्धतिलाई अङ्गालिएको छ । यसका साथै लोक साहित्य अन्तर्गतको बाह्नमासे लोकगीतको विवेचना र विश्लेषण गर्ने क्रममा वर्गीकरणात्मक र विश्लेषणात्मक पद्धतिलाई आधार मानी गरिएको छ । यस क्रममा लोकसाहित्यको अध्ययन विश्लेषण सिद्धान्तमा आधारित भएर लोक साहित्यक ढाँचाको प्रयोग गरिएको छ ।

## १.१०. शोध पत्रको रुपरेखा

यस शोध कार्यको रुपरेखा निम्नानुसार परिच्छेद र शीर्षकमा तयार पारिएको छ ।

१) पहिलो परिच्छेद :– शोध परिचय

२) दोस्रो परिच्छेद :– पर्वत जिल्लाको परिचय

३) तेस्रो परिच्छेद :– लोकगीतको सैद्धान्तिक परिचय

४) चौथो परिच्छेद :– मुडिकुवाली बाह्रमासे लोकगीतको सङ्कलन  वर्गीकरण र विश्लेषण

५) पाँचौ परिच्छद :– उपसंहार र निष्कर्ष

# परिच्छेद : दुई

## १. पर्वत जिल्लाको परिचय

### १.१ जिल्लाको ऐतिहासिक पक्ष :

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धौलागिरी अञ्चलको प्रवेशद्धारको रुपमा रहेको पर्वत जिल्ला यस क्षेत्रको सबैभन्दा सानो जिल्ला हो । क्षेत्रफलको हिसावले जति सानो छ त्यति नै ऐतिहासिक पक्षका रुपमा विशाल मानिन्छ । यस क्षेत्रमा रहेका ऐतिहासिक पक्षहरु हेर्ने हो भने नेपालकै इतिहासमा प्रख्यात रहेको छ । पर्वत जिल्लाको नजिकै रहेको पर्यटकीय शहर पोखरा र विश्वविख्यात पैदल यात्रा क्षेत्र अन्नपूर्ण, माछापुच्छे हिमाल पनि यसैसंग सम्बन्ध बांधिएका छन् नामैले स्पष्ट रहेको यो जिल्ला डाँडाकाँडा, पहाड, पर्वत, खोला, खोल्सा, नदी झरनाहरुले गर्दा अति सुन्दर रहेको छ । यिनै खोला, खोल्सा तथा हिमाल, पहाड, नदी झरनाहरुले नै यहाँको ऐतिकासिक महत्व बोकेको छ ।

## २. भौगोलिक स्थिति :

भौगोलिक स्थितिको हिसावले २७-२८° २९" उत्तरी अक्षंस २८३.३४" देखि ३५९" पूर्वी[७] देशान्तरमा रहेको छ ।

पर्वत जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रको पहाडी जिल्ला भएकोले यहाँ भौगोलिक विविधता स्पष्ट देख्न सकिन्छ । अतः भौगोलिक स्थितिका आधारमा यस जिल्लाको समग्र वातावरणलाई हेर्न सकिन्छ । जुन निम्नानुसार छन् ।

### २.१ क्षेत्रफल र सिमाना :

पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने १६ जिल्ला मध्ये धौलागिरी अञ्चलमा पर्ने यो एउटा सानो जिल्ला हो । यस जिल्लाको क्षेत्रफल ५३६.८६ वर्ग कि.मी.[८] रहेको छ । यस जिल्लाको सिमाना पश्चिममा कालीगण्डकी नदी तथा म्याग्दी, बाग्लुङ्ग र दक्षिणमा स्याङजा र गुल्मी जिल्लाले छुट्टयाएको छ । पूर्वमा वाग्लुङ्ग तथा गुल्मी र पश्चिममा कास्की र

स्याङ्जाले यस क्षेत्रको सिमानालाई छोएको छ । पर्वत जिल्लाको नक्शाको आकार लगभग नेपालको नक्सासंग मिल्दोजुल्दो रहेको छ ।

---

७.  कविन्द्रमान श्रेष्ठ "गुप्तेश्वर गुफा एक चिनारी" (२०६४) [illegible] । (२०६५) पृष्ठ १५

## २.२ धरातलीय स्वरुप :

उत्तर दक्षिण लामो र पूर्व पश्चिम चौडा गरी फैलिएको यस सानो जिल्लाको नामनै पर्वत भएता पनि यो जिल्ला धौलागिरी अञ्चलकै सुगम र समशीतोष्ण हावापानी भएको मध्य पहाडी जिल्लामा पर्दछ । समुन्द्री सतह देखि १७०० देखि १०७०० फिट[९] सम्मको उचाईमा रहेको यो जिल्ला प्राकृतिक (कविन्द्र मान शाक्य) दृष्टिकोणले अतिनै मनमोहक मानिन्छ ।

## २.३ हावापानी :

हावापानीको हिसावले हेर्ने हो भने यो जिल्ला नत गर्मी नत जाडो हुने समशीतोष्ण हावापानी भएको जिल्ला हो । चारैतिर डाँडाकाँडा, नदीनाला, वनजंगल भएको हुनाले यहाँको हावापानी अतिनै आनन्द लाग्दो छ । तर धरातलीय स्वरुपमा विविधता भएको कारण कतै हिउँपर्ने ठाउँ र कतै गर्मी हुने फाँटहरु पनि रहेका छन् ।

## २.४ नदीनालाहरु :

पर्वत जिल्ला नदीनालाहरुले पूर्ण जिल्ला हो । यस जिल्लाबाट असंख्य सानाठूला नदीनालाहरु बग्ने गर्दछन् । ठूला नदीहरुमा कालीगण्डकी जुन शालिग्रामको खानी पनि भनिन्छ यो नदी पनि पर्वत जिल्लामा पर्दछ । यस्तै बुढी गण्डकी, मोदीखोला आदि ठूला नदीहरु हुन् ।

## २.५ वनजंगल :

वनजंगलको हिसावले पर्वत जिल्ला धनीनै मानिन्छ । यहाँ सदावाहार पतझर र लेकाली तिनै किसिमका वनस्पतीहरु पाइन्छन् । यस जिल्लाको वनपैदावरमा साल, चिलाउने, कटुस, सिसौ, रिठ्ठो, साज, सिमल, अमला, सल्ला, जस्ता रुखहरु पाइन्छन् भने फलफूलहरुमा केरा, सुन्तला, आँप, कटहर, भुईकटहर, नास्पती, जुनार आदि रहेका छन् ।

## २.६ तीर्थस्थल :

धार्मिक प्रमाणका आधारमा यस जिल्लालाई जगतमाता पार्वतीको जन्मस्थान हालको पर्वत जिल्लाको पाङ्ग गा.वि.स. भएको भन्ने प्रमाणको आधारमा पर्वत नामाकरण भएको पाइन्छ । परापूर्वकालमा पर्वत जिल्लाको पातीचौरलाई पार्वती चोक र पातीखोलालाई पार्वती गंगा भनिन्थ्यो भन्ने किम्बदन्ती रहेको छ[१०] । पर्वत जिल्लामा रहेको महत्वपूर्ण तीर्थस्थलको रुपमा गुप्तेश्वर महादेवको गुफा प्रमुख मानिन्छ । यो गुफा पर्वतको सदरमुकाम कुस्मादेखि ९५०० मिटरको दूरीमा बजारको पश्चिमोत्तर भागमा कालीगण्डकीको तहमा रहेको नेपालकै उत्कृष्ट बृहत एवम् प्रसिद्ध गुफा यस जिल्लाकै आकर्षक हो । लगभग ७० वर्ष अघि पत्ता लागेको यो गुफा पर्यटकीय तथा धार्मिक दृष्टिले पनि त्यतिकै महत्वपूर्ण मानिन्छ । श्रीस्वस्थानी ब्रतकथामा उल्लेख भए अनुसार हिमालय पर्वतकी छोरी पार्वती र श्रीमहादेव बीच विवाह सम्पन्न भए पश्चात यस गुफामा गुप्त रुपले बसेकाले यस गुफालाई गुप्तेश्वर महादेव गुफा भनिएको हो । यहाँ महाशिवरात्री, बालाचर्तुदशी, श्रीस्वस्थानी ब्रतकथा अवधि, रामनवमीमा विशेष भक्तजनहरुको घुइचो लाग्ने गरेको पाइन्छ । मुस्ताङ्गस्थित प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ जान तथा बाग्लुङ्ग जिल्लामा अवस्थित प्रसिद्ध तीर्थस्थल देवीथान जानको लागि यो जिल्ला द्वारको रुपमा रहेको छ ।

## ३. सामाजिक जनजीवन ः

पर्वत जिल्लाको सामाजिक जनजीवन पनि आफ्नै प्रकारको रहेको छ । देशको भौगोलिक स्थिति अनुसार जनजीवन फरक-फरक भएको हुनाले यहाँको हावापानी र माटो अनुसार सामाजिक जनजीवनलाई निम्न आधारहरुमा स्पष्ट पार्नु उचित देखिन्छ ।

### ३.१ जातजाति ः

पर्वत जिल्ला बहुजाति, बहुभाषी भएको ठाउँ हो । यहाँ विभिन्न भाषा बोल्ने विविध जातजातिहरु बसोबास गर्ने गर्दछन् । यहाँका बहुसंख्यक नागरिकहरु देवनागरी लिपी र नेपाली भाषा नै प्रयोग गर्दछन् । खासगरी नेवार, मगर, गुरुङ्ग र ब्राह्मणहरुको बसोबास रहेको छ । जातिगत विविधता भए पनि बाहुल्यता चाहि ब्राह्मणहरुको नै रहेको छ ।[११]

### ३.२ धर्म ः

धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण रहेको यो ठाउँमा धर्ममा पनि विविधता पाइन्छ । यहाँ हिन्दू, क्रिश्चियन, इस्लाम तथा बौद्ध धर्म मान्ने मानिसहरु बसोबास गर्छन ।

कविन्द्रमान श्रेष्ठ, गुप्तेश्वर गुफा एक चिनारी, पूर्ववत, पृष्ठ
१०. ऐजन

धार्मिक हिसावले समग्र जिल्ला देश भरिकै प्रतिनिधित्व गरे जस्तै देखिन्छ। धार्मिक विविधता भएता पनि एक धर्मले अर्को धर्मको अनादर अनावश्यक बादविवाद तथा झै-झगडा गरे जस्तो लाग्दैन। यहाँ धर्म तथा जातजातिमा अनेकतामा एकता प्रर्दशित भएको देखिन्छ।

११. "दिपक भुषाल "झादी क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण" (शोधपत्र त्रि.वि.२०६३) पृष्ठ ९

## ३.३ पेशा ः

कृषि यहाँका बासिन्दाको मुख्य पेशा हो। प्रायः कृषकहरु परम्परागत खेती प्रणालीमा नै निर्भर छन्। बैज्ञानिक खेती प्रणालीको अभावमा मेहेनत अनुसारको आय आर्जन गर्न मुस्किल रहेको छ। कृषि बाहेक यहाँका बासिन्दाहरु जागिर, ब्यापार, साथै युवा पिडीहरु पशुपालन, बैदेशिक रोजगारमा पनि लाग्ने गरेको पाइन्छ। यहाँ जाति अनुसारका पेशा गरेको पनि पाइन्छ, जस्तै :- दमाईले लुगा सिउने, सार्कीले हल्लुड तथा छालाका दाम्ला र छालाका जुत्ता बनाउने, कामीले फलामका हतियार बनाउने तथा मर्मत गर्ने र ब्राह्मण जातिले पूजापाठ लगाउने पेशा पनि अङ्गालेको पाइन्छ।

## ३.४ रहन सहन ः

जातीय विविधता र धार्मिक विविधता अनुसार यहाँको रहनसहनमा पनि विविधता रहेको पाइन्छ। यहाँ गरिने संस्कारमा ब्राह्मण जातिले सोह्रवटै संस्कार गरेको पाइन्छ। चाडपर्वहरुमा हिन्दू जातिले तीज, दशै, तिहार, जनैपूर्णिमा, फागु मुख्य रुपमा मनाउने गरेको पाइन्छ भने अन्य जातिमा क्रिश्चियनले क्रिस्मसडे र इस्लामले रमजान, बक्रिद, मोर्हरम आदि पर्व मान्ने गरेको पाइन्छ।

यहाँको बासिन्दाहरुले बोल्ने मुख्य भाषा नेपाली नै हो। अन्य मातृभाषामा नेवारी, गुरुङ्ग, मगर भाषा बोल्ने बासिन्दाहरु पनि छन्। यहाँ मौसम अनुसार भेषभूषा भएता पनि प्रायः पुरुष जातिले सट पाईन्ट तथा दौरा सुरुवाल र महिला जातिले साडी, चोलो, लुङगी, टिसर्ट तथा सुरुवालकुर्ता लगाउने गरेको पाइन्छ।

यहाँ विभिन्न चाडपर्वहरु मेला तथा जात्रा लाग्ने गरेको पाइन्छ। जस्तैः चैतेदशै मेला, माघे संक्रान्ति मेला, सदविउ छर्ने तथा माघे संक्रान्तिमा कालीगण्डकीमा स्नान गर्ने र

जिमिरघाट तथा सेती बैनीमा मेला भर्नेहरुको घुइचो लाग्ने गरेको पाइन्छ । त्यस समयमा लोकगीतका भाकाहरुले कालीगण्डकीका प्रमुख स्थानहरु संगीतमय बनाएका हुन्छन् । युवा युवतीहरु त्यस समयमा आफ्ना मधुर लयमा दोहोरी खेलेर मनोरञ्जन लिने गरेको पाइन्छ ।

यहाँको कृषि पैदावारमा धान, गहुँ, मकै, कोदो, फापर, जौ, उवा आदि रहेकोले यहाँका बासिन्दाहरुको खानपिनमा यिनै खाद्यबस्तुहरु प्रयोग भएको पाइन्छ ।

**४. राजनैतिक तथा प्राकृतिक विभाजन ः**

राजनैतिक हिसावले हेर्दा यस जिल्लालाई निर्वाचन क्षेत्रको आधारमा दुई निर्वाचन क्षेत्रमा ११ इलाका तथा ५५ गा.वि.स.मा विभाजन गरिएको छ । २०६८ सालको बजेट भाषण अनुसार पर्वतमा पनि एउटा नगरपालिका घोषणा गरेको छ जुन कुश्मा नगरपालिका हो ।

**५. जनसंख्या ः**

यस जिल्लाको कूल जनसंख्या १ लाख ७५ हजार ८ सय २६ (१७५८२६) रहेको २०५८ को जनगणनाले जनाएको छ । [१२]

**६. शैक्षिक अवस्था ः**

समग्र जिल्लाको शैक्षिक अवस्था हेर्दा सन्तोष जनकनै देखिन्छ । यहाँ ६५ प्रतिशत[१३] भन्दा बढी बासिन्दाहरु शिक्षित रहेका छन् । हरेक वर्ष एस.एल.सी. उत्तीर्ण गर्नेको दर अन्य जिल्लाको तुलनामा उच्च रहेको छ ।

**७. यातायात ः**

पहाडी जिल्ला भएता पनि यहाँ यातायातको ब्यवस्था राम्रो मानिन्छ । जिल्लाका ५५ गा.वि.स. मध्ये ५३ गा.वि.स. लाई कच्चीनै भएपनि मोटर बाटोले जोडेको छ ।[१४] मोटर बाटो बाहेक अन्य क्षेत्रमा यातायात तथा सामान ढुवानीको लागि घोडा, खच्चरको सहायता लिने गरिन्छ ।

**८. संचार ः**

संचारको दृष्टिले नेपाल अहिले अगाडि देखिन्छ । यसै अनुरुप पर्वत जिल्लामा पनि संचारको माध्यमको रुपमा टेलिफोन, पोष्टपेड मोवाईल तथा प्रिपेड मोवाइल, हुलाक, इमेल, इन्टरनेट आदिको सुविधा रहेको छ ।

**९. विद्युत ः**

यस क्षेत्रमा विद्युतको पनि राम्रो व्यवस्था छ । मोदीखोला जलविद्युत आयोजना संचालनमा आएदेखि जिल्लामा विद्युतीकरणले तिव्रता पाएको छ ।

---

१२. अन्तराष्ट्रिय रंगमञ्च । (२०६५) पृष्ठ १६
१३. शिक्षा कार्यालय पर्वत (नेट)
१४. जि.वि.स. पर्वत (नेट)

**१०. सिंचाई**

यहाँका लगभग ७० प्रतिशत मानिसहरु कृषिमा निर्भर छन् ।[१५] कृषि योग्य भूमि पनि यहाँ भएकोले सिंचाई आयोजना पनि छ । पर्वत जिल्लाको फलेवास खानीगाउँ म्याग्दी सिंचाई आयोजना अन्तर्गत खेतीपाती गरिन्छ भने अन्य क्षेत्रमा खोला नालामा मूल रसाएर आएको पानीबाट सिंचाई गरिन्छ ।

**११. खानेपानी ः**

पहाडी इलाका भएकोले कतै खानेपानी संस्थाका माध्यमबाट वितरित पानी उपभोग गरिन्छ भने कतै मुडीकुवाका केही क्षेत्र शंकर पोखरी लुङखु बेनी आदि ठाउँमा मूलको पानीबाट खानीपानीको उपभोग गरेको पाइन्छ ।

अतः समग्र पर्वत जिल्लालाई हेर्दा यहाँको जनजीवन सरल र सहज देखिन्छ । यातायात, संचार, स्वास्थ्य, शिक्षा, ब्यापार जस्ता महत्वपूर्ण कुरामा यस जिल्लाको विकास अगाडिनै रहेको देखिन्छ । यसै जिल्ला अन्तर्गतका ५५ गा.वि.स. मध्ये क्षेत्र नं. २ मा पर्ने एउटा गा.वि.स. मुडीकुवा गा.वि.स. हो । यो गा.वि.स. पूर्वमा शंकर पोखरी पश्चिममा कुस्मा उत्तरमा खानीगाउँ र दक्षिणमा फलेवास गा.वि.स.को वीचमा रहेको छ । यस गा.वि.स. मा पनि साक्षरता प्रतिशत उच्च नै देखिन्छ । कालीगण्डकीको शिरानमा रहेको यो गा.वि.स. भौगोलिक बनावटको दृष्टिले उचाईमा रहेको छ । यहाँ समथर फाँटका साथै अग्ला होचा पहाडी क्षेत्र पनि छन् । मुडीकुवा गा.वि.स.को शिर्सुवा गाउँबाट त सदरमुकाम कुस्मा बजार, बाग्लुङ्गको बलेवा, म्यादी, दुर्लुङ, पाङग आदि ठाउँहरु सजिलै देख्न सकिन्छ ।

यस क्षेत्रलाई जातीयताको दृष्टिले हेर्दा दमाई, कामी, सार्की, क्षेत्री भएता पनि ब्राह्मण जातिको नै बाहुल्यता रहेको पाइन्छ । अतः समग्र दृष्टिकोणबाट हेर्दा यो जिल्ला निकै मनमोहक र सुन्दर जिल्लाको रुपमा रहेको छ ।

---

१५. ऐजन जि.वि.स. (नेट) पूर्ववत् ।

# परिच्छेद : तिन

## ३.१ लोकगीतको सैद्धान्तिक परिचय :

### ३.१.१. लोकगीतको परिचय :

लोकगीत अङ्ग्रेजी Folk Song को नेपाली समानार्थी शब्द हो । लोकसाहित्यका विविध विधाहरु मध्ये लोकगीतको महत्वपूर्ण स्थान रहेको छ । जनजीवनमा व्यापक तथा प्रचुरता पाइनुबाट पनि यस कुराको पुष्टि हुन्छ । यो व्यक्तिहीन रचना हो । जो विशुद्ध मौखिक परम्परामा जीवित रहेको हुन्छ । लोक र गीतको संयोगवाट लोकगीत शब्दको निर्माण हुन्छ र यसको अर्थ गेयात्मक तत्वयुक्त लोकभाका भन्ने बुझिन्छ । लोकगीत प्राचीनकालदेखि लोकले गाउँदै आएको विधा विशेष हो ।

लोकगीतमा लोकमानसको प्रबल अभिब्यक्ति रहन्छ र यसको परम्परा केलाउने हो भने मानव सभ्यताको उषाकालसम्म पुग्न सकिन्छ । सभ्यताको विकाससँगै मानवले विभिन्न लोकभाकाहरु सुसेल्दै आएको र क्रमस : यसको विकास तथा विस्तार हुदै आएको पाइन्छ ।

लोकगीत लिखित रुपमा लिपिबद्ध नहुने भएकोले यो समयको अन्तरालमा आफ्नै स्वरुप र निश्चित संरचनामा रहेको हुन्छ । लोकगीत बाह्रै महिना जुनसुकै बेला पनि गाउन सकिने र निश्चित अवसरमा मात्र पनि गाइने हुनाले सुगमताको लागि यसलाई विभिन्न आधारमा वर्गीकरण गरेर हेर्न सकिन्छ । यसको आयाम फुटकर गीतदेखि लिएर

आख्यानबद्ध गाथासम्म पनि फैलिएको छ । साहित्यका विभिन्न विधाहरु मध्ये कविता विधासँग यसको नजिकको सम्बन्ध छ ।

यसरी सभ्यताका क्रममा लोकमानसलाई विविध अनुभव, अनुभूति, अभिव्यक्त गर्न सहयोग गर्ने चाडपर्व मेला संस्कारलाई पूर्णताका साथ सम्पन्न गर्न सहयोग गर्नुको साथै परिश्रम वियाल्न समेत सहयोग गर्ने अनि सानोदेखि ठूलो आयामसम्म विस्तारित हुन सक्ने संगीत र नृत्य बाहेक सङ्कलन  र सामूहिक दुवै रुपमा गाउन सकिने समग्र लोक मानसको मुटुको धड्कन नै लोकगीत हो ।

### ३.१.२. लोकगीतको परिभाषा :

विद्वानहरुले लोकगीतका बारेमा आ-आफ्ना परिभाषाहरु अघि सारेको पाइन्छ । त्यस्ता केही परिभाषाहरु यस प्रकार रहेका छन् । “प्रथम संगीतमय उद्गार नै लोकगीत हो ।” फेरि “ लोकगीत मानवीय कृतित्वको त्यो सामान्य धरोहर हो जहाँ विश्व मानवको भूमिका प्राप्त हुन्छ ।” डा. सतेन्द्र[१२]

लोक संस्कृति लोक विश्वास तथा लोक परम्पराको रक्षा एवम् निर्वाह गरेको लोकजीवन आफ्नो रागात्मक प्रवृतिको स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति लोकगीत हो ।

राम नरेश त्रिपाठी “ग्रामगीत प्रकृतिको उद्गार हो, जसमा अलंङकार होइन केवल लय हुन्छ । लालित्य होइन माधुर्य हुन्छ । ग्रामीण समाजको स्त्री पुरुषका हृदय आसनमा बसेर प्रकृति ज्ञान गर्छ । प्रकृतिको त्यही ज्ञान नै ग्रामीण गीत हो” ।[१३]

माथिका विभिन्न परिभाषाहरुलाई अध्ययन गरी अन्त्यमा के भन्न सकिन्छ भने परम्परित संस्कृतिमा विश्वास राख्ने ग्रामीण जीवनद्धारा अनुभूति भएको संगीतले भरिपूर्ण मौखिक अभिव्यक्ति नै लोकगीत हो ।

### ३.१.३ लोकगीतका विशेषताहरु

लोकगीत लोकसाहित्यको एक स्वतन्त्र विधा भएकोले यसका आफ्नै विशेषताहरु रहेका छन् । सर्वप्रथम लोकसाहित्यका क्षेत्रमा विशेष ख्यातिआर्जन गरेका जनकवि केसरी

घर्मराज थापाले लोकगीतको महत्व दर्शाउदै यसका गेयात्मकता सरलता , सहजता आदि विशेषताहरु औल्याएको पाइन्छ । सत्यमोहन  जोशीले अप्रत्यक्षः यसको स्वरुपगत विशेषतातर्फ उन्मुख बन्दै लोकगीतमा गाउँघरे संस्कृति, कला, शैलि, लय, ताल, सुर, आदिका साथै नैर्सगिक हृदयको उद्धगार र भाषाको सामन्जस्य कलाको चमत्कारिता हुन्छ भनी उल्लेख गरेका छन् ।

लोकगीतका विशेषता अर्न्तगत धर्मराज थापा र हंसपुरे सुवेदीले निम्न पाचँवटा वुँदा दिएका छन् ।[१४]

---

१२. माधव प्रसाद सापकोटा “लोक साहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन” (सुजाता प्रकाशन, काठमाडौं २०६६) पृष्ठ २५

१३. ऐजन, पृष्ठ २८

१४. धर्मराज थापा, हंशपुरे सुवेदी पूर्ववत् (पृष्ठ ८२)

१) गतिमा तिब्रता / लयानुरुप हुनु

२) सार्वजनिक मौलिक संवेग पाइनु

३) सूक्ष्म विश्लेषणको अपेक्षा प्रभावोत्पादक, स्थूल चित्रण हुनु

४) कृतिमता नहुनु ।

५) स्थानीयता र सामाजिकताको प्रभाव पाइनु,

कृष्णप्रसाद पराजुलीले सात वटा बुँदामा लोकगीतका विशेषताको वारेमा ब्याख्या गरेका छन् ।[१५]

१) अज्ञात रचयिता

२) सामूहिक भावभूमि

३) सहजता र स्वभाविकता

४) मौखिक परम्परा

५) मौलिकता र सरलता

६) कथन विविधता

७) स्वच्छन्दता

त्यस्तै चुडामणी बन्धुले लोकगीतका विशेषता अर्न्तगत रागात्मक स्वतस्फूर्त अभिव्यक्ति र लयात्मक अभिव्यत्ति बारेमा चर्चा गर्दै यसमा लय पक्षलाई विशेष जोड दिएका छन् ।[१६]

माथिका विद्वानहरुका बुँदागत विशेषता केलाउँदा तिनले समग्र रुपमा यसका सबै विशेषताहरु समेट्न सकेका छैनन् । थापा र सुवेदीका विशेषतामा रचनाकार अज्ञात हुने, चरण र अन्तराको पुनरावृत्ति हुने, प्रश्नोत्तरात्मक अभिव्यक्ति हुने आदि विशेषताहरु समेटेका छैनन् । बन्धुले लोकगीतका थोरै विशेषता मात्र समेट्न सकेका छन् । त्यसैले यहाँ लोकगीतका सम्पूर्ण विशेषताहरुलाई समेट्ने प्रयास गरिएको छ । जुन निम्नानुसार चर्चा गर्न सकिन्छ ।

---

१५. कृष्ण प्रसाद पराजुली “नेपाली लोकगीतको परम्परा” (सुनकोशी नं. १२०५१) पृष्ठ १३८ ।
१६. चुडामणि बन्धु, “नेपाली लोकसाहित्य” (काठमाडौं : एकताबुक्स २०५८) पृष्ठ ११५ ।

## १. अज्ञात रचयिता :–

लोकगीतमा सम्पूर्ण लोकमानसका साझा अभिव्यक्तिहरु प्रस्फुटित हुने हुँदा कुनै निश्चित व्यक्तिको रचना हुन पाउँदैन । यसमा गीतहरु पुस्तौं पुस्तादेखि समाजबाट कथिदै र गाइदै आउने हुनाले रचनाकार अज्ञात् रहेका छन् ।

## २. मौलिक रचनाकारः–

लोकगीतहरु समाजबाट स्वतः स्फूर्त रुपमा आफै रचिने हुनाले यिनमा अनुकरण र अनुवादको छाप पाइदैन । यिनमा त्यही समाजको रीति,स्थिति, चाल चलन र संस्कृतिको स्पष्ट छाप परेको पाइन्छ ।

## ३. लयात्मकता एवम् संगीतात्मकता

लोकगीत उत्साह र कथ्यको रागात्मक अभिव्यक्ति हो । लोकगीतहरु निश्चित गति यति र आलापको माध्यमबाट आ-आफ्नै किसिमको लय र भाकामा सृजित हुन्छ । जस्तो

एउटै पर्व गीत तीजगीतका विभिन्न लय वा भाका हुन्छन् । यसरी लोकगीतहरु आफैमा लयात्मक र संगीतात्मक हुन्छ ।

## ४. चरन वा अन्तराको पुनरावृति

लोकगीत अन्य शिष्ट गीत झै कुनै पनि निश्चित श्रृङखलाबद्ध तरिकाले रचना नगरिने हुनाले यसमा भनिने कुराको पुनरावृति पनि हुन सक्छ । जस्तै :

छैन केरे बनमा न्याउली कराउदैन मयाँले

हैन केरे वनमा न्याउली कराउथ्यो नी मयाँले ।

यी दुवै गीतमा न्याउली नहुने र नकराउने कुराको पुनरावृत्ति भएको छ ।

## ५. सरल, सहज एवम्म स्वच्छन्द किसिमको हुन्छ ।

लोकगीतको अभिब्यक्ति पटक पटक अभ्यास गरेर भनिएको परिस्कृत र परिमार्जित अभिब्यक्ति नभई स्पष्ट सहज र स्वछन्द किसिमको हुन्छ । ग्रामीण लोक मानसको प्राकृतिक अभिब्यक्ति हुने हुनाले पनि लोकगीतको अभिब्यक्ति सरल, सहज र स्वच्छन्द किसिमको हुन्छ ।

जस्तैः– लेउन आमा आँसी र नाम्लो

धोवी खोला धोविनी पलायो ।

## ६. प्रश्नोत्तरात्मक वा मुक्त अभिब्यक्ति ः

केही लोकगीतको कथ्य वा मुख्य विषयवस्तुमा प्रश्न र उत्तर रहने प्रवृति रहन्छ भने केही लोकगीतमा उन्मुक्त भावनाको मुक्त अभिब्यक्ति रहेको हुन्छ । जस्तै :

बुवा : आज मैले घाँस काटे देउरी राखे पाँजो

धेरै भयो नआएको के छ चलन चाँजो ?

छोरी : घाँस काट्ने हँसिया त कपाल काट्ने छुरा

दूध खाने बालखुले के जानेकी छु र !

मुक्त अभिव्यक्ति : आँधीखोला बारुलै फनफनी घुमेको

एउटा रुमाल बारुलै दुइटीले बुनेको ।

**७. रांगात्मक एवम्म नित्य परिर्वतनशील हुनु :–**

लोकगीतहरुमा मानिसको ह्दयवाट निस्कने रागात्मक झंकार पाइन्छ । जसले मानिसलाई भावनात्मक गहिराईसम्म पुऱ्याउँछ र गाऔं- गाऔं, सुनौं-सुनौं जस्तो बनाउँछ । अर्को कुरा यिनीहरु मौखिक रुपमा एक पुस्तावाट अर्को पुस्तामा हस्तान्तरण हुने अनि लिखित रुप नहुने हुनाले समयको अन्तरालमा परिर्वतन पनि हुँदै जान्छन् ।

**८. लोकसंस्कृतिको चित्रण :**

लोकगीतहरु लोकसंस्कृतिका अङ्ग हुन् । यिनीहरु एक अर्काको पर्याय पनि हुन् । कुनै पनि लोकसंस्कृति अर्न्तगतका चाडपर्व, मेलाजात्रा संस्कार तथा अनुष्ठानमा तत्कालीन संस्कृति अनुरुपकै लोकगीतहरुले साथ दिइरहेका हुन्छन् । त्यसैले लोकगीतमा लोकसंस्कृतिको स्पष्ट चित्रण पाइन्छ ।

**९. संक्षिप्तता र सारगर्भिता :**

लोकगीतमा भन्नुपर्ने कुरा घुमाई फिराई नभनी टवाक्क भनिएको हुन्छ । लोकसंस्कृतिका चलन चाँजोका कुरा लोकगीतमा सारगर्भित रुपमा ब्यक्त भइरहेका हुन्छन् । जस्तै देउसी गीतमा बलिराजाको कथा सारगर्भित रुपमा ब्यक्त भएको पाइन्छ ।

**१०. उपदेशात्मकता :**

केही लोकगीतहरु आदर्शवादी हुन्छन् । यिनले दोस्रो पिडी वा केटाकेटीहरुलाई नीतिशिक्षा र उपदेश दिने कार्य गरिरहेका हुन्छन् । जस्तै :- यो मायाले सम्झदै गरे काम, छाडेर रुनीकाम नगरे ।

आज मैले भात खायो एक मुठी दहिले

झुठ्ठा कुरा नबोल्नु भनेको मैले ।

यसरी माथिका यी विशेषतालाई केलाउँदा केलाउँदै पनि यसका भाव पक्षमा अन्य विविध विशेषताहरु रहेका हुन सक्छन् । यिनै प्रमुख विशेषताले गर्दा नै यसले आफ्नो छुटै पहिचान बनाएको छ ।

## ३.२. लोकगीतका तत्वहरु

लोकगीतको संरचना विभिन्न तत्वहरुको संयोगबाट हुन्छ । यसमा आन्तरिक र वाह्यं दुबै संरचना हुन्छन् । यसलाई बनोट र बुनोट पनि भन्न सकिन्छ । वाह्यं संरचना गीतको आवरण हो भने आन्तरिक संरचना त्यही मुख्य भागको श्रृङखलाबद्ध सुसंयोजन हो ।

लोकगीतको संरचनामा मुख्य भूमिका खेल्ने तत्वहरुको वारेमा विभिन्न विद्वानहरुले आ-आफ्नै तरिकाले अध्ययन गरेका छन् । चुडामणि बन्धुले लोकगीतको संरचनामा निम्न ६ वटा तत्वको चर्चा गरेका छन् ।[१७]

१) काव्य

२) भाषा

३) चरण वा पद

४) स्थायी वा अन्तरा

५) रहनी, बथन र थेगो

६) लय / भाका

अर्का विद्धान कृष्णप्रसाद पराजुलीले लोकगीतका ६ किसिमका तत्वहरुको संयोजन गरेका छन् ।[१८]

१) संरचना

२) गेयता

३) लय

४) कथन पद्धति

५) भाषा

६) भाव

पराजुलीको यस तत्व विश्लेषणले सम्पूर्ण तत्व समेट्न सकेको छैन । उनले संरचनाभित्र तत्वको चर्चा गर्नुको सट्टा तत्वभित्र संरचना हुन्छ भनी तत्व विश्लेषणको तरिका अपनाएका छन त्यो पनि सान्दर्भिक छैन् ।

लोकगीतको संरचनामा उपयुक्त किसिमले तत्व निक्यौंल गरी चर्चा गर्ने काम मोतीलाल पराजुलीको रहेको छ । यहाँ पनि पराजुलीकै उक्त तत्व विश्लेषणलाई आधार मानी लोकगीतका तत्वहरुको बारेमा चर्चा गरिएको छ ।[१९]

---

१७. चुडामणि बन्धु पूर्ववत् पृष्ठ ११५
१८. कृष्ण प्रसाद पराजुली पूर्ववत् (पृष्ठ ७६)
१९. मोतीलाल पराजुली “लोकगीतको संरचना” (कुन्जीनी २०६०) पृष्ठ २१)

### क) कथ्य/ विषयवस्तु / मूलभाव वा सन्देश

लोकगीतको आन्तरिक संरचना अर्न्तगत कथ्य वा मूलभाव रहेको हुन्छ । कुनै–कुनै लोकगीतको विषय वस्तुमा केही विधि निषेधका कुराहरु पनि ब्यक्त गरिएका हुन्छन् । लोक मानसले लोकगीत मार्फत दिने अभिब्यक्तिहरु निश्चित विषय वा भावसंग सम्बन्धीत रहेका हुन्छन् । अनुभूति क्षेत्रबाट लिइएको कुनै पनि विषय लोकगीतको विषय हुन्छ । त्यो विषय सबैले आ-आफ्नो अनुभूतिको रुपमा लिन सकिने हुन्छ ।

### ख) स्थाथी, अन्तरा र थेगो -

हरेक लोकगीतमा गीतको निश्चित पद पदावली र पङ्तिहरु हुन्छन् । स्थायी भनेको लोकगीतका गेडा वा अन्तरापछि दोहोरिएर आइरहने एक अंश हो । यो लय वा भाकाको मूल रुपमा पनि निर्धारण गर्दछ । दोहोरिने लोकगीतको स्थाई अंश नै स्थायी हो । यसलाई ध्रुपद, रितक र टेको पनि भन्ने चलन छ । जस्तै :

पहिले भने प्रभुजीको संसारै थियो ता

पछि भने पुन्पुरोले ठेल्यो वनिवास ता ।

यस रेखाङ्कन गरिएको अंशस्थायी हो । यो गीतमा प्रत्येक गेडापछि दोहोरिइ रहन्छ ।

अन्तरा :- लोकगीतमा भनिने मुख्य कथ्य वस्तु अन्तरामा रहन्छ । यसलाई गेडा पनि भन्ने चलन छ । यी गेडाका दुई पाउ एक आपसमा कथ्य विषयसँग सम्बद्ध हुन र नहुन पनि सक्छ । जस्तै : लैनु भैसी के चाहियो हामीलाई

रास्दी पुल तरेर जानेलाई ।

थेगो :- लोकगीतमा पटक - पटक दोहोरिएर आउने सार्थक / निरर्थक पद वा पदावलीलाई नै थेगो भनिन्छ । यसैलाई रहनी पनि भनिन्छ । यो अन्तरा र स्थायी जसमा पनि अनि अगाडि र पछाडि जता पनि आउन सक्छ । यसले गीतमा मुख्यतया हाउभाउ र रञ्जकता ल्याउने गर्दछ ।

## ग) लय वा भाका

लोकगीतलाई भावात्मक गहिराईमा पुऱ्याएर रागात्मक अनुभूति दिनुका अतिरिक्त भावनाको परिर्वतनका साथै लयले गीतको निजी रुप प्रदान गरेर स्वर संगीतको मोहनी लाग्दो स्थितिमा पुऱ्याउँछ । लोकगीतको लय वा भाका निर्धारण गर्दा गति र यतिको संयुक्त स्वरुप सञ्चालित हुन्छ ।[२०]

गीतमा भाका निर्धारणको निम्ति बिश्राम महत्वपूर्ण हुन्छ । अर्धविश्राम र पूर्ण विश्रामको अवस्थाले नै भाका निर्धारण गर्दछ । गति :- लोकगीतमा भाका अनुसार त्यस गीतका मात्राहरुको गतिका कारणले गीतहरु द्रुत, मध्य र विलम्वित लयका हुन जान्छन् ।

## घ) भाषा

लोकगीत लोक जीवनले बोल्दै सुसेल्दै आएको लोकभाषामा आधारित भएकाले यसमा झर्रा, सङ्ला, मौलिक शब्द हुनुका साथै अनुकरणात्मक, निपात, थेगो, रहनीका रमाइला पद र पदावलीहरु प्रयोग गरिन्छ । यसको भाषा सरल र सरस लोकभाषा हुन्छ ।

यिनै मात्राहरुको गतिको कारणले गीतहरु द्रुत, मध्य र विलम्बित लयका हुन जान्छन ।
द्रुत लय :- द्रुत लयको गीतमा मात्रालाई छिटो-छिटो उच्चारण गरिन्छ । रत्यौली गीतमा धेरै जसो भाकाहरु यस्ता हुन्छन् । जस्तै :

खायो बरै घाँस डाली नुगाइ भेडीले

पहेलो पटुकी चौबन्दी चोली ।

बसे छ पिरती नबोली नबोली ।

मध्यलय :- मध्यलयको गीतमा मात्रालाई सहज अवस्थामा उच्चारण गरेर गाइन्छ । यस्तो अवस्थामा भलो र विभिन्न बाह्रमासे गीतहरु गाइन्छ ।
बिलम्बित लय :- एउटै मात्रालाई धेरै समय लगाई उच्चारण गरेर गाइने गीत विलम्बित लयका गीत हुन ।

---

जस्तै : मोतीलाल पराजुली, पूर्ववत्  पृष्ठ २३

गैरी सिमलमा

उड्यो मालचरी

बस्यो हिमालमा ।

विभिन्न शास्त्रीय संगीत अन्तर्गतका गीतहरु यस्तो लयमा गाइन्छन् ।

## ङ)    संगीत

ध्वनिहरुको  संगठीत तरङबाट उत्पन्न हुने झङ्कार जुन सुन्नका लागि आनन्ददायी हुन्छ त्यसलाई संगीत भनिन्छ । मोतीलाल पराजुलीको विचारमा लोकगीतमा संगीत दुई प्रकारका हुन्छन् : आन्तरिक र बाह्य  । लोकगीतमा आन्तरिक संगीतको महत्वपूर्ण भूमिका हुन्छ । आन्तरिक संगीतलाई कण्ठ्य संगीत पनि भन्न सकिन्छ । दुवै संगीतको संयोजनवाट

लोकगीत बढी प्रभावकारी बन्दछ । संगीतको महत्वको विषयमा कही त यस्तो पनि भनिएको पाइन्छ, “प्रसिद्व कलाकार अर्फियसका संगीतको मधुर नादमा पहाड झुक्दथे र पत्थर समेत पग्लन्थे रे ।” जे होस् यसको महिमा उच्च र अवर्णनीय छ ।

लोकगीतको पूर्ण संरचनामा माथिका ५ तत्वहरुको मात्र कमी भएमा पनि त्यो लोकगीत पूर्ण रुपले लोकगीत हुन सक्दैन । आजकल बजारमा निस्कने कतिपय लोकगीतको हाल यस्तै छ । यसरी यिनै माथिका पाँच तत्वहरुको सुसंयोजनबाट लोकगीतको पूर्ण संरचना तयार हुन्छ ।

## ३.३. लोकगीतको वर्गीकरण

लोकसाहित्यका विद्या मध्ये लोकगीत निकै सम्पन्न विधा हो । यो पहाडका श्रृङखलादेखि तराईका फाँटसम्म व्यापक छ । यसले लोक जीवनलाई उनीहरुका भावनाहरु अभिव्यक्त गर्ने विभिन्न चाडपर्व, मेला, संस्कार, परिश्रम, धार्मिक कार्य र रीतिस्थितिहरुमा समेत साथ दिइरहेको छ । त्यसैले यी प्रत्येक पक्षसँग सम्बन्धीत गीतहरुको आ-आफ्नै विशेषता र मूल्य हुन्छ । लोकगीतलाई क्षेत्रीयता, जातीयता, साँस्कृतिकता, वैयक्तिकता आदि विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ । लोक साहित्यका विद्वानहरुले

लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गरेका छन । भारतीय विद्वान कृष्ण देव उपाध्यायको वर्गीकरण यस्तो छ :-[२१]

क) संस्कार सम्बन्धी गीत ख) ऋतु सम्बन्धी गीत

ग) ब्रतसम्बन्धी गीत घ) जातिसम्बन्धी गीत

ङ) श्रम सम्बन्धी गीत च) विविध

काजीमान कन्दङवाले सर्वप्रथम लोकगीतलाई सर्कमक र अर्कमक भनी दुई भागमा विभाजन गरेका छन । [२२]

कालिभक्त पन्तले लोकगीतलाई निम्नानुसार वर्गीकरण गरेका छन[२३]

(१) राष्ट्रिय स्तरीय गीत (२) जिल्ला स्तरीय गीत

(३) ग्राम स्तरीय गीत (४) जाति स्तरीय गीत

(५) पर्वस्तरीय गीत (६) लोकनाट्य स्तरीय गीत

(७) कार्यस्तरीय गीत (८) ऋतुस्तरीय गीत

धर्मराज थापा र हंशपुरे सुवेदीको वर्गीकरण यस्तो छ[२४]

(१) सामान्य गीत (२) संस्कार गीत

(३) ऋतु वा ब्रत सम्बन्धी गीत (४) कर्मगीत

(५) नृत्य गीत (६) पर्वगीत (७) विविध

अर्का विद्वान चुडामणि बन्धुको वर्गीकरण यस्तो छ[२५]

सामान्य गीत

विशेष गीत

माथिका विद्वानहरुले गरेका वर्गीकरणलाई हेर्दा यहाँ पहिले लोकगीत वर्गीकरणका आधारहरु ठम्याउन सकिन्छ जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.३.१. सहभागिताको आधारमा

प्रस्तुतिकरणमा हुने सहभागिताका दृष्टिले लोकगीतहरुलाई तीन किसिमले छुट्याउन सकिन्छ ।

२१. कृष्णदेव उपाध्याय "लोक साहित्यकी भूमिका" (इलाहावाद साहित्य भवन प्रा.लि. १९८०) पृष्ठ ६२
२२. काजीमान कन्दङवा "नेपाली जनसाहित्य" (काठमाडौं रोयल नेपाल एकेडमी २०२०) पृष्ठ १०
२३. कालिभक्त पन्त "हाम्रो सांस्कृतिक इतिहास" (स्याङ्जा २०२८) पृष्ठ १४८
२४. धर्मराज थापा र हंशपुरे सुवेदी पूर्ववत (पृष्ठ २४)
२५. चुडामणि बन्धु पूर्ववत पृष्ठ १२०-१२४ ।

१) एकल गीत जसमा एकजना मात्र गाउने हुन्छ ।

२) दोहोरी गीत जसमा गीतैमा दुई जनाको सवाल जवाफ हुन्छ ।

३) सामूहिक गीत, जसमा सामूहिक गायन हुन्छ । त्यस्तै नृत्यका साथै प्रस्तुत हुने गीतलाई नृत्यगीत भनिन्छ भने बाजाका साथ प्रस्तुत गरिने गीतलाई वाद्य गीत भनिन्छ ।

### ३.३.२. लय वा भाकाका आधारमा

गीत र गीतका भाकाहरुलाई स्थान ( कालीपारे बन्दिपुरे ) र जात ( गाइने गीत , वादी गीत दमाई गीत ) का आधारमा पनि चिनाइन्छ र मनोरन्जनका निम्ति गाइने गीतका विभिन्न लय र भाकाहरु छन् । जस्तै :

कालिपारे दाइ कति राम्रो
ढाका टोपी काँधैमा गलबन्दी
दमाइ दाइले बजायो थुम्केरे
सम्झेदेखि म तिम्रै हुन केरे ।

### ३.३.३. प्रस्तुतिको आधारमा

प्रस्तुतिको आधारमा लोकगीतको वर्गीकरण गर्दा ती गीतहरुमा समान प्रस्तुति हुने गीतलाई एक वर्गमा राखी वर्गीकरण गर्न सकिन्छ । प्रस्तुतको आधारमा लोकगीतलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ ।

१) एकोहोरो रुपमा प्रस्तुत हुने

२) दोहोरी रुपमा प्रस्तुत हुने

३) नृत्य सहित प्रस्तुत हुने

४) नृत्य बिना प्रस्तुत हुने

५) लोकबाजा सहित प्रस्तुत हुने

६) लोकबाजा बिना प्रस्तुत हुने

### ३.३.४. विषयवस्तुको आधारमा

कुनै पनि लोकगीतले एउटा मात्र विषयवस्तु लिइएको पाइदैन । लोकगीतमा माया, प्रेम, सामाजिक आर्थिक अवस्था, नारी समस्या, प्रकृतिक, चित्रण, धर्म, संस्कृति, कृषि सम्बन्धी बयान आदि सबै कुराहरु धेरै थोरै मात्रामा आएकै हुन्छन् । यद्यपि प्रमुख रुपमा कुनै पनि लोकगीतले कुन विषयवस्तु बोकेको छ भनी विषय वस्तुको आधारमा लोकगीतको वर्गीकरण गर्न सकिन्छ । जस्तै :

क) बाह्रैमास समग्र विषयवस्तुको चर्चा भएका बाह्रैमासे गीत जुन बाह्रै महिना गाइने गरिन्छ जस्तै :-

घर छायो धन्सारै भटायो

करिमले क्या धोका कटायो ।

ख) जीवन संस्कारगत विषय वस्तुको चर्चाभएका लोकगीत जस्तै :

सगुन लिया सगुन रे

सगुन दिऊ रे

निका बेला सगुन बोल्या

दई, माछा, गुड धिय

ग) चाडपर्व, मेलाजात्रा, सम्बन्धी विषय वस्तुको चर्चाभएका - पर्वगीत, जस्तै :

हरियो गोवरले लिपेको

लक्ष्मी पूजा गरेको

हे औसी बार

गाई तिहार भैली

घ) कर्म सम्बन्धी गीत- कर्मगीत जस्तै :

असारै मासको दोपहरे खाजा रानीको कसार

सुनको ढोका उघारी हेर्दा लागेछ असार ।

ङ) ऋतुसम्बन्धी विषय वस्तुको चर्चाभएका - ऋतुगीत

च) धर्म संस्कृतिगत विषय वस्तुको चर्चाभएका - धार्मिकगीत

### ३.३.५. क्षेत्रको आधारमा

क्षेत्रको आधारमा नेपाली लोकगीतको वर्गीकरण गर्दा ती गीतहरु कुन कुन क्षेत्रमा उत्पति भएका र कुन कुन क्षेत्रमा विशेष प्रचलित छन भनी वर्गीकरण गर्न सकिन्छ । यस आधारमा वर्गीकरण गर्दा निम्नानुसार पाइन्छन्

क) पूर्वेली लोकगीत

ख) पश्चिमेली  लोकगीत

ग) पहाडी लोकगीत

घ) तराईका लोकगीत

ङ) हिमाली लोकगीत

च)काठे लोकगीत आदि ।

### ३.३.६. जातिका आधारमा

जातिका आधारमा लोकगीतको वर्गीकरण गर्दा नेपाल चारवर्ण छत्तिस जात मध्ये प्रमुख जातिका आ-आफ्नै लोकगीत हुने हुनाले जात अनुसार लोकगीतलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ । -

| | |
|---|---|
| बाहुन/क्षेत्री | चुड्का भजन वालन |
| सेर्पा | सेर्पाली |
| तामाङ | तामाङ सेलो |
| नेवार | नेवारी |
| थारु | थारु |
| गुरुङ /मगर | सोरठी, घाटु, नचरी कौरा |
| गन्धर्व | कर्खा |

### ३.३.७. उमेरका वा लिंगको आधरमा

उमेरका वा लिङ्गको आधारमा लोकगीतको वर्गीकरण गर्दा बालकले गाउने बालगीत, युवाले गाउने प्रणय गीत, बृद्धाहरुले गाउने भजन, बालन, पुरुषले गाउने खाँडो, दाँई, मालश्री र स्त्रीहरुले गाउने तिजे, संगीनी, भैलो, फागु रत्यौली आदि भनी वर्गीकरण गर्न सकिन्छ ।

### ३.३.८. प्रकार्यको आधारमा

लोकगीतलाई विशिष्ट र सामान्य गरी दुई वर्गमा छुट्याउन सकिन्छ । विशिष्ट गीतहरु ती हुन् जुन विशेष अवशरमा मात्र गाइन्छ । विशिष्ट गीतहरुमा धार्मिक गीतहरु, संस्कार गीतहरु, पर्व गीतहरु र श्रम गीतहरु पर्दछन । सामान्य गीत ती हुन, जुन सधैं गाइन्छ । यी गीतहरुमा एकल, सामूहिक र दोहोरी गीतहरु पर्दछन् ।

सामान्य गीतहरुमा कौरा, ख्याली, झ्याउरे, देउडा, रोइला, सेलो, संगिनी, टप्पा, चुड्का आदि एकल, युगल र दोहोरी गीतहरु पर्दछन । समग्रमा यी गीतहरुलाई निम्नानुसार वर्गीकरण गरेर हेर्न सकिन्छ, जस्तै :-

१) संस्कार गीतहरु

क) जन्मचक्रसँग सम्बन्धीत : मागल, फाग, सगुन, रत्यौली, करात र आशिका

ख) प्रार्थनापरक : भलाउलो, पडेली, धमारी आदि

२) ऋतुकालीन पर्वगीत :

वसन्त, तिजे, मालश्री, देउसी, भैलो, होरी आदि ।

३) बाह्रैमास लोकगीत :

डेउडा, सालैजो, चुड्किला, ख्याली, रोइला,सेलो, टुङ्ना बाह्रमासा आदि ।

४) ऋतुकालीन कर्मगीत :

वसन्त जेठे, असारे, घाँसे, भदैरे,दाई गीत

५) धार्मिक गीतहरु :

आरती, प्रभाती, चुड्किला, ख्याली, लाम्ना, लम्बरी, लगायतका भजन र विविध गीतहरु ।

६) विविध :

**१. संस्कार गीतहरु** :

जीवन संस्कारगत कार्यगर्दा कार्यसफल होस, बाधा नपरोस, जीवन सफल होस, भनी गाईने गीतहरु संस्कार गीतहरु हुन् । जीवनलाई परिर्माजन गर्ने अवसर पूर्ण गराउन गरिने देव प्राथना नै संस्कार गीत हुन् । साँस्कृतिक विविधताले भरिपूर्ण हाम्रो देशका यस्ता गीतमा मागंल, सगुन, फाग, रत्यौली, करात आशिकी, भलाउलो, पडेली आदि पर्दछन् ।

क) जन्मचक्रसँग सम्बन्धीत गीतहरु

यस्ता गीतहरुमा मागल, फाग, सगुन प्रमुख छन् ।

मागल :-

मागल मंगलको अपभ्रंश रुप हो । ब्राम्हणमा जन्मदेखि मृत्युसम्मका १६ वटै संस्कारमा मागल गाउने गरिन्छ ।

जस्तै :-

क) गर्भाधान मागल

ख) बालक जन्मदाको मागल

ग) छैठीको मागल

घ) नामकर्मको मागल

ङ) चुडाकर्म (कपाल खौरनु )

च) नाककान छेड्दाको मागल

छ) ब्रतबन्ध, विवाहको मागल आदि ।

चुडाकर्म विवाहको मागलको एक नमूना -

चुडाकर्मको मागल

जग्गेका पञ्चवती तमी रख्या अर

हाम्रो वालो मण्डप जांदो भयो

जग्गेका पञ्च कलस तमी रख्या अर

हाम्रो बालो मण्डप जाँदो भयो ।

- जयराज पन्त

विवाहको मागल

केटी खोज्दा

हिजो अस्ति बाको कति ठूलो ज्योति

आज ता हाम्रा बाबा कति मलिना

मजेरीमा अटाइन दहेलीमा अटाइन

जाउन जाउ मेरा बाबा केटी खोजी ल्याउन ।

जन्ति आउंदा

बाबा थर्के र नबन सुन मेरा बाबा

थरहर काम्यो मेरो मन

जुन दिन चेली तिमी पैदा भइथ्यौ

सोही दिन देखि काम्यो हाम्रो मन ।

- जयराज पन्त

सगुन :–

सगुन ब्रतसंग सम्बन्धीत प्रमुख संस्कार गीत हो । यो मांगलिक कार्यमा गणेशजीलाई अगुवा बनाएर सीता, सरस्वती, पार्वती आदिलाई पुकारी स्त्रीबाट गाइन्छ ।

जस्तैः - कुल र धर्म देउराली देवी बसेका साथैमा

धर्म र कर्म दुःख र मर्म मान्छेका जातैमा ।

देवता तिम्रा भाग र भोग पन्छायौ पातैमा ।

- जयराज पन्त

फाग :

फागको अर्थ मौरीको घारबाट आएको गुञ्जन जस्तै नारीको आवाजबाट आएको गुञ्जनलाई फाग भनिन्छ । यो सुदूर पश्चिमाञ्चलमा प्रचलित संस्कार गीत हो बालक जन्मेदेखि न्वारन, पास्नी, चुडाकर्म हुँदै विवाह अनि मृत्युसम्मका संस्कारमा नारीहरुले फाग गाउँछन् । यो बेद, गणेश, कलश धूप आदिमा गाइन्छ ।

ख) प्रार्थानापरक गीतहरु :

प्रथानापरक गीतहरुमा भलाउलो र पडेली प्रमुख छन् ।

मध्यपश्चिम र सुदूर पश्चिमतिर प्रचलित बम्हमुर्तको प्रार्थाना गीत नै भलाउलो हो । प्रार्थाना युक्त भलाउलोहरुमा देव, देवी, गणेश, राम, सीता आदिको पूजा आरधनाको वर्णन गरिएको हुन्छ ।

पडेली :

तन्त्रशक्तिले आफूमाथि भ्वाँकबस्ता फलाक्ने गीतलाई पडेली भनिन्छ । धामीका इष्टदेवलाई यसमा प्रस्तुत गरिन्छ

हेरौं जुम्लामा प्रचलित पडेलीको एक नमुना

अहैनी नरैनी तसैका टाक्यौनी

खरुल्ली काटिदेउ मुडुल्ली बनाइदेउ

पानीका सामल बतासका पैरन ......। प्रदिप रिजाल

## २. ऋतुकालीन पर्वगीत :

मेला पर्व र जात्रासंग सम्बन्धीत गीतहरु ऋतुकालीन पर्व गीतहरु हुन । यस्ता गीतहरु चाडपर्व, मेला जात्रा आदिमा गाइन्छ । नेपालका प्रमुख पर्वगीतहरुमा वसन्त होरी तीजगीत मालश्री, देउसी भैलो पर्दछन् ।

तीजगीत :

तीज हिन्दू नारीहरुको ठूलो चाड हो । यस चाडमा नारीहरु शिव पार्वतीको उपासना गरेर गीत गाउँछन् । सामाजिक विकृती, अन्याय, राजनीति आदिको चर्चा पनि यी गीतहरुमा पाइन्छ । शिरफुल , निलो सारी सुन्तलाको विरुवा आदि तिजे गीतका प्रचलित भाका हुन । तीज गीतको नमूना यसप्रकार छ ।

बावाले दिएको शिरैलाउने शिरफूल
आमाले दिएको चाँप बरीलै ।
आघौको साल के कसो हुने हो
अहिलेको तीजमा नाच बरिलै ।

मालश्री :

दशैको अवशरमा नवदुर्गाभरी नवदुर्गाको आराधनामा बिहान बिहान गाइने गीत मालश्री हो यो देवीको आराधनामा रागमा गाइने भजन प्रकृतिको गीत हो । मालश्रीको एक नमूना

जय जय देवी भैरवी दर्शन देउ भवानी
असुर विनाशिनी जगतकी हितकारिनी
श्रीदेवी नवदुर्गा भवानी
जयदेवी गोरखकाली दर्शन देऊ भवानी

देउसी / भैली :

यो दुवै तिहारमा गाइने पर्व गीत हो । देउसी केटीहरु खेल्छन् भने भैलो केटाहरु खेल्दछन् । यो गीत बलिराजा दाजु -बहिनी यम यमुनासंग सम्बन्धीत भएकोले यो चाड पनि

दाजु भाइ र दिदी बहिनी मिलेर मनाउने चाड हो । यी गीतमा पहिले घरबेटीलाई उठाउने त्यसपछि उनीहरुलाई फुरुक्क पार्ने अनि अन्तमा आशीर्वाद दिएर फर्कने चलन छ ।

होरी :

यो शिशिर ऋतुको अन्त्यमा र वसन्त ऋतुको आरम्भमा फागुन शुक्ल अष्टमीदेखि पूणिमासम्म मनाइने नेपालका विभिन्न भागमा प्रचलित पर्वगीत हो । यो आगोबाट नडढ्ने वरदान पाएकी फुपू होलिकाले भतिजो प्रल्हाद डढाउन खोज्दा आफै डढेर मरेकाले यो हिन्दू संस्कृति बचाउका लागि खेलिने एक खेल हो ।

## ३. ऋतुकालीन कर्म गीतहरु :

लोकमानसले वर्षभरि आफ्ना साङ्केतिक अभिव्यक्ति पोख्ने क्रममा कुनै ऋतुविशेष वा मौसमी रुपमा गाइने गीतहरु ऋतुकालीन गीतहरु हुन् । वसन्त, जेठे, असारे, मालश्री, देउसी, भैलो, दाइगीत, होरी, गीत, ऋतुकालीन गीतहरु हुन् । श्रम गीतहरुमा जेठ, असारे ( भैलो, रसिया) भदौरे र दाँइ गीत पर्दछन् ।

ऋतुकालीन कर्म गीतहरुको चर्चा निम्नानुसार गरिन्छ :

वसन्त गीत :

यो गीत वसन्त ऋतुको आगमनको परिचयको लागि गाइने ऋतु गीत र श्रीपञ्चमीमा गाइने पर्वगीत पनि हो । यस गीतमा प्रकृति परिर्वतन र वासनात्मक भावनाको चित्रण पाइन्छ । यो गीत नयाँ वर्षको  शुभकामनाका रुपमा पनि गाइन्छ ।

जस्तै :-

बसन्त गीतको उदाहरण :

एक भमरा किस वन फिरत उदासी
ए भमरा किस वन फिरत उदासी
लाल जै कारणकी आज करत है
सो मन भै छ उदासी

- विजय चालिसे

जेठेगीत :

यो गीत गृष्म ऋतुको परिचय दिने ऋतु गीत र जेठको कडा गर्मीमा घैया आदि गोड्ने काम गर्दा थकाई मेटाउन गाइने गीत कर्मगीत हो । यो गीतमा पारिवारिक वुहार्तनका पीडा र समाजको अत्याचारको प्रस्तुति हुन्छ । हेरौ जेठेगीतको एक नमूना -

मेरो ता करिमै कालो छ ।

नसमाउने नटेक्ने डालो छ ।

असारे गीत :

कृषकहरुको महान पर्व असारको महिना गाइने गीतनै असारे गीत हो । यो खेताला र खेताली बीचमा व्यङय हानी- हानी गाइने हास्यव्यङ्ग्यात्मक गीत पनि हो । हेरौं पर्वत जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित एक असारे गीतको नमुना

केटा : एकहल गोरु बेसीमा झरे गजवा गोरु खोई ?

आलीमा हिड्ने लंगुरे बाँदर खेतालीको पोई ।

केटी :ऐया बाई विउ खायो चमेरेले

हेर तो । दिदै गिज्याउँछ मलाई तिम्रो पोई जम्रेले ।

दाँईगीत :

दाँईगीत ऋतु गीत कर्म गीत दुवै हो । यो गीत कृषकहरुले बाली भित्राएर दाँइ हाल्दा उत्साह स्वरुप गाउने गीत पनि हो । यसमा गोरुलाई पराल माड्न लगाउँदा पशुहरुको पनि परिश्रम बियाल्न संगीतको माध्यमबाट मनोरञ्जन दिने थकाइ विर्साउने गीत हो । पर्वतको मुडिकुवामा प्रचलित दाई गीतको एक नमूना

दाँइगीत नमूना

हो रिग भाइ, हो घुम भाइ माडो भाइ

पराल फाँडो, दाँइ चाँडो ।

हे मियेका टुप्पामा बसि होली कोइली

आजका दँएरालाई घिउका चोइली ।

**४. बाह्रमासे लोकगीतहरु**

बाह्रमासे लोकगीतलाई सामान्य लोकगीत वा भ्याउरे लोकगीतका नामले पनि पुकारिन्छ । कुनै संस्कार वा चाडपर्वको अङ्ग नभई बाह्रै महिना जुनसुकै बेला गाइने गीतलाई बाह्रमासे लोकगीत भनिन्छ । नेपालमा बाह्रमासे लोकगीतको क्षेत्र निकै ठूलो छ । नेपालका बाह्रमासे लोकगीतमा असङख्य भाकाहरु छन् । ती मध्ये यहाँ केही प्रमुख भाकाहरुको सोदाहारण परिचय प्रस्तुत गरिन्छ ।

क) देउडा गीत :

नेपाली भेष लगाई सामूहिक घेरामा डेढ कदम अगाडि र डेढ कदम पछाडि सरेर पैतालाको ताल मिलाई सवाल जवाफ सहित खेलेर गाइने अभिनयात्मक नृत्यगीत नै देउडा गीत हो । यो प्रेमपरक दोहोरी गीत र भक्ति गीत पनि हो ।

हेरौं देउडा गीतको एक नमूना -

जाँदैन टोपीको मैला घुँ भने कति धुँ ।
हाँसू भने मन मैलो छ रुँ भने कति रुँ ।
नेपाल हनुमान ढोका तस्वीर टाँसेइका छन् ।
मन पापी साउनकी रात दन्त हाँसेइका छन् ।

ख) सालैजो गीत :

यो मध्यपश्चिमाञ्चल तथा पश्चिमाञ्चलतिर निकै प्रचलित बाह्रमासे लोकगीत हो । यो श्रावण भाद्रमा श्रम गर्दा वा मेलापर्वहरुमा मनोरन्जनका लागि गाइन्छ । यसमा  रहनीको रुपमा  सालैजो प्रयोग गरिन्छ । जस्तै : .सालै जो गीतको उदाहरण

धिपि र धिपि आगै र बल्यो सालै जो थन्थापे बलेवा
तिमी र हौली तालैको माछो सालैजो मै हुम्ला जलेवा ।

ग) चुट्किला, ख्याली र रोइला :

यी भजनका प्रकार पनि हुन् । यी गीतहरु पशिमाञ्चलको कास्की , स्याङजा हुँदै विभिन्न ठाउँमा फैलिएर प्रचलित भएका छन् ।

चुट्कलामा प्रेमपरकरता  , भक्तिपरकरता र द्रुत लयको प्रयोग हुन्छ । जस्तैः

यो मायालाई  कुर्दा गयो मेरो जिन्दगी

ढोका खोल राम भक्ति आए मन्दिरमा ।

ख्याली मादल पञ्चेबाजा लगायत विभिन्न तालमा गाउन सकिने रोमाञ्चक  पक्षको वर्णन गरिएको गीत ख्याली गीत हो । जस्तै : ख्यालीको उदाहरण :

मै मरें झै लायो

कपालसमाइ दाइ रोयो ।

कपाल समाइ दाइ रोयो ।

रोइला ,चुट्किला गीत तीन पंत्तिको भए रोइला हुन्छ । भत्तिप्रेम र मनोरन्जनात्मक विषयवस्तुमा यी गीत गाइन्छन् । जस्तै :

कता पऱ्यो शिर हे दाइ दरम खोलीको

आधार देउ न बोलीको ।

सेलो तामाङ जातिमा प्रतलित बह्रमासे गीत हो । यसलाई मेलापात चाडपर्व र उत्सवमा पनि गाउने गरिन्छ । यसलाई विभन्न सांस्कृतिक पक्षलाई समेटेर हातमा डम्फु र खैजरी लिएर बजाउँदै लास्सो च्याङवा  लास्सो भन्दै गाइन्छ । जस्तै :

टुङनाको उदाहरण

टुङनाको धुनमा

डाँडापारी जुनमा

बन चरी घुम्यो

वनै छाडेर

मनै छाडेर

टुङना पूर्वतिरको लेकाली भेगका जनताले गोठाला जाँदा गाइने गीत टङ्ना हो । यो एकल गीत र सामूहिक दुबै हुन्छ । जस्तै :

सेलोको उदाहरण

उहिले त बाजेको पालामा

रुपयाँ भर्थे डालामा

अहिले त हाम्रो पालामा

मकै छैन डालामा ।

छ ऋतु वा बाह्र महिनाको बारेमा चर्चा अथवा वर्णन गरिएका गीत नै बाह्रमासा हुन् । बाह्रमासामा प्रकृति परिवर्तन र मनका विरहको सहचार्य सम्बन्ध देखाएको हुन्छ । जस्तै :

केटा : भातु भने भान्छाको खाउँला तरकारी चाहिएला

हजुरसँग खेलखेल गर्न कुन महिना पाहिएला?

केटी : चैत्रमास बिउ बेड्ने वैशाखैमा डाँडा धुप

जेठको दब्दबे हिलो असारमा हिल्या जाडःगा

साउनो शिल्या शरीर भुदिय लटपटे कामे

असोजका अनौठा दिन कात्तिक धान ढाल भाइ हो ।

मंसिर सकिल्ला डल्ला भेट पुस पाइयो ।

यसरी नेपाली लोकगीतको वर्गीकरण र तिनको सोदारण चर्चा गर्ने काम यहाँ भयो । हुनत हाम्रो जस्तो संस्कृतिक विविधताले भरिपूर्ण देशका सबै जातिका सास्कृतिमा आधारित सबै गीतहरु यहाँ समेटिन नसके होलान तैपनि बढी प्रसिद्ध र प्रचलित गीतहरु उक्त वर्गीकरणमा समेट्ने प्रयास गरिएको छ ।

## ५. धार्मिक कार्यसँग सम्बधित गीतहरु ः

नेपाल विभिन्न जातजाति र तिनीहरुका आ-आफ्नै लोक सांस्कृतिक विशेषताले भरिपूर्ण देश हो । त्यसैले यहाँ विविध प्रकारका धार्मिक कार्यक्रम हुन्छन् र तिनीहरुसँग सम्बन्धीत विविध गीतहरु हुन्छन् । नेपालमा निम्नलिखित धार्मिक कार्यहरुमा भजनगीतले साथ दिइरहेका हुन्छन् ।

क) ग्रहपूजा

ख) सत्यनारायनको पूजा

ग) श्रीस्वस्थानी ब्रत

घ) सूर्य पुराण

ङ) गरुड पुराण

च) गणेश पुराण

छ) कोटिहोम महायज्ञ

ज) सप्ताह पूजा

झ) लाख बत्ती बाल्दा आदि ।

## ३.४. नेपाली लोकगीतको अध्ययन परम्परा ः

दसौं एघारौं सदीमा नेपाली भाषाले खस अपभ्रंशबाट आधुनिक आर्यभाषाको रुप लिइसकेपछि नै यस भाषामा लोकले आफ्नो अभिव्यति प्रकट गर्ने क्षमता प्राप्त गरिसकेको हुनुपर्छ । त्यस बेलाका नेपाली जनताले आफ्ना अनुभव र भावनाहरु साटासाट गर्ने प्रमुख माध्यम लोकगीतलाई नै बनाएको मान्न सकिन्छ तर समयको लामो यात्रामा कतिपय लोकगीतहररु पुर्खासगैं बिलाएकाले यसको यथावत नमूना पाउन गाह्रो छ । अतः लोकगीतको तत्कालिन लिपिबद्ध र सङ्कलित रुप पाउन नसकिए पनि लोकगीत नै अभिव्यतिको प्रमुख माध्यम थियो भन्ने कुरा प्रष्ट पार्न सकिन्छ ।

अन्य साहित्य झैं काल विभाजन गरी नेपाली लोकगीतको अध्ययन गर्ने कार्यको थालनी निकै पछिमात्र भएको हो । काल विभाजनको विभिन्न प्रयासका रुपमा धर्मराज थापा र हंसपुरे सुबेदीले समग्र लोक साहित्यको अध्ययन परम्परा अन्तर्गत लोकगीत अन्तर्गत पनि समेट्दै यस्तो काल क्रमिक अध्ययन गरेका हुन् ।[२६]

प्रथम चरण १९५७ वि.स. विर शमसेरको शासनकाल हाजिरमाने गीत र प्रसारसम्म द्धितीय चरण वि. सं. १९५८ –२००७ गोरखा पत्र प्रकाशनदेखि प्रजातन्त्र रेडियो स्थापना तेस्रो चरण वि. सं. २००८ अर्थात प्रजातन्त्र पछिबाट हालसम्म यसको समयअनुसार विभाजनको दोस्रो प्रयास कृष्णप्रसाद पराजुलीले “नेपाली लोकगीतको आलोक” मा यसरी गरेका छन् । यस विभाजनको समय सिमालाई वि.स. १८०० सम्म प्राचिनकाल, २००७ सम्म मध्यकाल र २००७ साल यता आधुनिक कालका रुपमा लिएर नेपाली लोकगीतलाई नियाल्नु र यसको अवलोकन गर्नु सान्दर्भिक हुन सक्छ ।[२७] त्यस्तै चुडामणि बन्धुले तेस्रो प्रयासको रुपमा गरेको लोकगीतको अध्ययन परम्परामा यस क्षेत्रमा अहिलेसम्मको महत्वपूर्ण गन्ध पराजुलीको नेपाली साहित्यको आलोक हो भनी पराजुलीको विचारसंग सहमति

जनाएका छन् ।[२८] प्राचीनकालमा लोकगीतको विकास सुदूरपश्चिमबाट मध्यपश्चिम र पूर्व हुँदै अत्यन्तै भरिलो भएको छ ।

दसौं, एघारौ सदिसम्म  मौखिक परम्परामा रहेका लोकगीतको सङ्कलन  गर्ने कार्य निम्न व्यक्तिहरुले निम्न पुस्तकहरुमा गरेका छन्  । कर्णाली लोकसंस्कृति (प्रदिप रिमाल २०२८) डोटेली लोक साहित्य( देवकान्त पन्त २०३२) भेरी लोक साहित्य (पूर्ण प्रकाश नेपाली यात्री २०४१) आदि ।

नेपाली साहित्यको माध्यमिक लोकलयमा रचित गीतिकाव्यहरु पाउन सकिन्छ । जस्तैः “मिठा मिठा  नेपाली लोकगीत” (हाजिरमान राई वि.सं. १९४७) वि.सं. १९८३ तिर स्याङजाका पण्डित जगन्नाथ पन्तले सामाजिक गीत ‘भजन’  लेखेको पाउन सकिन्छ । सुगौलि सन्धिपछि अङ्ग्रेजी सेनामा भर्ती हुने हिरा गइनेनीको गीतमा अङ्ग्रेजी अफिसर मुग्ध भएर उल्था र रेकर्ड गर्न पुगेको चर्चा पाउन सकिन्छ । पारसमणि प्रधानद्धारा सम्पादित ‘लोकगीत’ मा देबेन्द्रराज सत्यार्थीको संगीतमय नेपाल, हर्कमान राईको जनसाहित्य कविन्द्रमान सिंहको लोकगीत एम. ए. गुरुङको नेपाली जनसाहित्य सङ्कलित  छन् वि.सं १९९० सालपछि मात्र नेपाली लोकगीत को विशेष रुपमा अनुसन्धान  सङ्कलन  हुन थालेको हो । लक्ष्मी प्रसाद देवकोटाले मुनामदन वि.सं १९३२ मा नेपाली झ्याउरे लोकलयको प्रयोग गरेका छन् । यसै गरी लोकलयमा कविता, नाटक लेख्ने अन्य स्रष्टाहरुमा माधव प्रसाद घिमिरे, सूर्य बहादुर शाह, धर्मराज थापा, निरविक्रम प्यासी, लक्ष्मण लोहनी आदि पनि छन् ।

यसै क्रममा समयको उत्तरार्धसंगै नेपाली लोकगीतको अध्ययनमा संस्थागत, व्यक्तिगत प्रयासहरु एकपछि अर्को गर्दै देखा पर्न थाले । उद्योग र शारदा पत्रिकामा नेपाली लोकगीतका टुक्राटुक्रीहरु छापिन थाले । भद्रकाली रेकर्डद्धारा नेपाली लोकगीत रेकर्डसहरु तयार पार्न थालियो । २००३ तिर लोकगीतको क्षेत्रमा धर्मराज थापा देखा परे । २००७ चैत्र

२६.	कृष्ण प्रसाद पराजुली, पूर्ववत (पृष्ठ २४)
२७	चुडामणि बन्धु, पूर्वत (पृष्ठ १२४)
२८.	धर्मराज थापा र हंशपुरे सुवेदी, पूर्ववत् (पृष्ठ [illegible])

२० गते रेडियो नेपालको स्थापना भयो । २०१०मा लोकगीत संग्रहालयको स्थापना भयो । सत्यमोहन जोशीको नेपाली लोकगीत एक हाम्रो लोकसंस्कृतिले मदन पुरस्कार पायो । लक्ष्मण लोहनीको रोदीघर २०१३ मा प्रज्ञा प्रतिष्ठानको स्थापना २०१४ घर्मराज थापाको 'मेरो नेपाल भ्रमण' वि.सं (२०१६) योगी नरहरीनाथको 'कर्णाली लोकसंस्कृति' वि.सं (२०२८) खण्ड–५ धर्मराज थापाको 'गण्डकीका सुसेली' वि.सं (२०३०) काजिमान कङदङवा र पिपिनदेव ढुंगेलको 'नानीका गीत' वि.सं (२०३७), नेपाल राष्ट्रिय विद्यापीठको नेपाली लोकगीत संङग्रह वि.सं (२०३७), तुलसी दिवसको हिमाल लोक धर्म र संस्कृति वि.सं (२०३९) सावित्री मल्लको पाल्पाको लोकगीत अध्ययन र विश्लेषण वि.सं (२०५२) पुष्पनाथ शर्माको 'लोकगीत' वि.सं (२०५६) आदि लेपाली लोकगीत तथा साहित्य अध्ययनका महत्वपूर्ण श्रृङखला हुन् । कृष्णप्रसाद पराजुलीको ' नेपाली लोकगीतकोआलोक' २०५७ अहिले सम्मकै नेपाली लोकगीत अध्ययनको महत्वपूर्ण ग्रन्थ हो ।

त्रि वि वि अर्न्तगत लोकगीत सम्बन्धी शोध प्रबन्ध र शोधपत्रहरुले पनि नेपाली लोकगीतको अध्ययन गर्ने कार्यमा थप बल पुऱ्याएका छन् । नारायण अधिकारीको 'स्याङजाका लोकगीत ' शीर्षक शोधप्रबन्ध वि.सं (२०४२) गोबिन्द आचार्य 'राप्ती अञ्चलका लोकगीतको अध्ययन' वि.सं (२०६०) आदिले नेपाली लोकगीतका क्षेत्रमा नयाँ सामग्री दिएका छन्  यसका अतिरिक्त नेपाली लोकगीत सम्बन्धी अध्ययन गरिएका शोधपत्रहरुमा राजेन्द्र प्रसाद पौडेल, कुसुमाकर न्यौपाने, दिनबहादुर थापा, अम्बिका प्रसाद भट्टराई, ऋषिराम देबकोटा, लक्ष्मी खड्का, राधिका मल्ल, शम्भुकुमार तामाङ रहेका छन् ।

यसरी नेपाली भाषाको  उत्पति र विकास संगसंगै उदयभई नेपाली जनताको भावना व्यक्त गर्ने प्रमुख माध्यम बन्दै आएको नेपाली लोकसाहित्य अर्न्तगतको एक प्रमुख विधा लोकगीतको अध्ययन जति गरे पनि थोरै नै हुन गएको छ । नेपाली जनमानसका मुटुका ढुकढुकीमा सधै धड्किरहने लोकगीतको अध्ययन आजसम्म जे जति भएको छ त्यो हाम्रा अग्रज बुद्धिजिवीहरुको साधनारत तपको प्रतिफल हो । यसको अध्ययन अनुसन्धानमा

विभिन्न संघ संस्था, पत्रपत्रिका, संचार माध्यमले गरेका कार्यहरु निकै महत्वपूर्ण छन् । विभिन्न संघसंस्था र त्रि.वि.वि.ले नेपाली लोकगीतको सन्दर्भमा गरेको अध्ययनको महत्वपूर्ण स्थान छ ।

# परिच्छेद : चार

## ४. मुडिकुवाली बाह्रमासे लोकगीतको सङ्कलन , वर्गीकरण र विश्लेषण

लोकसाहित्यले सम्पन्न पर्वतको मुडिकुवाली क्षेत्र लोकगीतले सिंगारिएका यहाँका डाँडकाँडा, वनजंगल खोलानाला आदि सबैमा लोकगीतको कोकिल झंकार गुन्जिरहेको हुन्छ । यहाँ मनाइने चाडपर्व, मेला, जात्रा, संस्कार, अनुष्ठानका साथै धार्मिक कार्यहरुमा यी लोकगीतहरु त्यहाँका लोकमानसलाई अविरल साथ दिइरहेका हुन्छन् । यहाँ विहे आदि कार्यक्रममा नौमती बाजाको साथमा बज्ने बाह्रमासे लोकगीतले मुडिकुवा क्षेत्रलाई गुञ्जायमान बनाएको हुन्छ । यस परिच्छेदमा मुडिकुवाली क्षेत्रका बाह्रमासे लोकगीतको सङ्कलन , वर्गीकरण र विश्लेषण गरिएको छ ।

### ४.१. बाह्रमासे लोकगीतः

बाह्रमासे लोकगीतलाई झ्याउरे लोकगीतका नामले पनि पुकारिन्छ । कुनै संस्कार वा चाडपर्वमा गाइए पनि ती चाडपर्व वा संस्कारका अङ्ग नभई बाह्रै महिना जुनसुकै बेला गाइने गीतलाई बाह्रमासे लोकगीत भनिन्छ । धर्मराज थापा र हंसपुरे सुवेदीले यी गीतलाई सामान्य गीतमा राखेका छन् ।[२९] बाह्रमासे लोकगीतको क्षेत्र निकै ठूलो छ । यसले विभिन्न भाका र लयहरु समेटेको छ । यहाँ तिनै व्यापक क्षेत्र ओगट्न सफल पर्वतको मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतको सङ्कलन  गर्ने काम गरिएको छ । हेरौं बाह्रमासे लोकगीतहरु :

### ४.२. सङ्कलित मुडिकुवाली बाह्रमासे लोकगीतहरु

भाका : माया

रहनी : माया वनैको सुरती

२९. धर्मराज थापा र हंशपुरे सुवेदी, पूर्ववत पृष्ठ ९४

लाइदेउ माया जुगजाने पिरती
माया, नाकैको सुनले ।
अब माया छ भन्ला यो मनले ।

माया छ माया छ तिर
छैन भने नहेर मतिर ।
भाका : सेरो
रहनी : सेरो को छ र दाइ मेरो,

हेर्दा हेर्दै भिरकाटे दाईले
हो.... अब माया को संग लाम मइले ।
सेरो को छ र दाइ मेरो

जाम हिड मलाए,
हो.......तिमी जाँदा मलाइनी बोलाए ।
सेरो को छ र दाइ मेरो

खोलीको दुईपाते,
हो ..... झलझली सम्झन्छु उही साथे ।
सेरो को छ र दाइ मेरो ॥

भाका : एकादशी
रहनी : एकादशी डाँडैमा बसी
हेर्नु पऱ्यो मायाको गाम बेसी ।

यो मायाको सुकिलो दन्त,
दन्त छोडी काँ जान्थ्यो मन अन्त ।

एकादशी डाँडैमा बसी
हेर्नु पऱ्यो मायाको गाम बेसी ।

यो मयाले हित गऱ्यो मसित
आखिरीमा जुगजानी को सित ।

एकादशी डाँडैमा बसी
हेर्नु पऱ्यो मायाको गाम बेसी ।

मेरो मया नबोलाउ हातले,
बोलाउ बरु पिपलु पातले ।

एकादशी डाँडैमा बसी
हेर्नु पऱ्यो मायाको गाम बेसी ।

यो मयालाइ बाटैमा भेटियो,
पानी खाने पियासै मेटियो ।

एकादशी डाँडैमा बसी
हेर्नु पऱ्यो मायाको गाम बेसी ।

**भाका : रेलिमै**

रहनी : आकाशुमा रेलिमै बादलु छैन
पानी पऱ्यो रेलिमै करेली झालैमा

आयो मोटर रेलीमै चार पाङ्ग्रा टेकेर
बसें म त रेलीमै मायालाई देखेर
आकाशैमा .........................

यो मायाको रेलीमै आँखाको नानी
नानीमाथि रेलीमै सबैको मनजानी
आकाशैमा .........................

**भाका: कान्छो दाइ**

रहनी: यो मायाको बोली नै छ मिठो

यो मायाको बोली नै छ मिठो
जुग जानी कान्छो दाई पिरती लाम छिटो

पातलो छपनी
कोई दिनको कान्छो दाइ मायाँ हुँ म पनि

पात खस्यो पिर्का झैं
लाम्छ माया कान्छो दाइ पानीको तिर्खा झैं

यो मनमा पिरको भारी
पाइन मैले कान्छो दाइ बिसाउने चौपारी
गाईको बाच्छी भिरैमा रामराम
छोडी जान कान्छो दाई सकिन संगै जाम

म करम हाराले
बाटो छेक्यो कान्छो दाई आँसुको धाराले ।

**भाका : लेउन आमा**
रहनी : लेउन आमा आँसी र नाम्लो
धोबी खोला धोबेनी पलायो

घडिलाई दम दिंदा
रुन्छ मन मायालाई सम्झिंदा
लेउन आमा ....................

मायासंग नहुनी नहुनी
लाईदेउ बरु जुगजानी मोहनी
लेउन आमा ....................

यो मायाको सम्झना हुँदा
धरतीमा फुल फुल्यो म रुंदा
लेउन आमा.....................

यो मायालाई काँ देखुँ हुनी

देखेपछि बोलचालै नहुनी

लेउन आमा..................।

**भाकाः प्याउली पयाँलै**

रहनीः प्याउली पयाँलै

के दिउँ त सम्भना मेरो मयालाइ ।

कानैको भम्कना

के दिनुहुन्छ छुटनी बेलैको सम्भना

प्याउली पयाँले

लाईरनी रन्को,

कैल्यै धोको नपुग्ने यो मनको ।

प्याउली .......॥

फुल फुल्यो बोके भार

मुखले ठिक्क पार्दैछौ लोकेचार ।

प्याउली ....... ॥

मायालु यो तनी

बोल माया म तिम्रै हुँ भनी ।

प्याउली पयाँलै......॥

**भाका : रिमै**

रातो माटो रिमै सिन्दुरको साटो

झल्को लाम्छ रिमै नहिड यो बाटो ।

भेटभाको रिमै कतिमा आजै हो ,
मनको कुरा रिमै भन्ननी लाजै भो ।
आँधी खोला रिमै फनफनी घुमेको
एउटा रुमाल रिमै दुइटीले बुनेको ।
**भाका : सिसा पिलेट**
रहनी : सिसा पिलेट
आउबस गाम गीत पाँचै मिलेट ।

जाम भने जाम तनी
दुई चार महिना घुमेरै आम तनी ।
सिसा पिलेट .....॥

लाएर छोड्न चाई,
बरुमया नलाइदेउ मेरो सईं ।
सिसा पिलेट .....॥

लाम पाते सुरती,
लाइदेउ मया जुग जानी पिरती,।
सिसा पिलेट .....॥

**भाका : रेलमा सलल,**
रहनी :रेलमा सलल,

आलुको ठेट्ना

कहिले काँही आएर भेटन ।

रेलमा सलल,..........॥

भात पाक्यो तरकारी गोपी ,

भइन गीत मायाले नछोपी ।

रेलमा सलल,.........॥

ढाकाटोपी धोएर निचर

पाईन मैले कर्मको विचार ।

रेलमा सलल,..........॥

**भाका : निरमाया सिसा झ्याल पनि**

रहनी : निरमाया सिसा झ्याल पनि

यो कुरा साँचो हो निरमाया होइन ख्याल पनि

जाम हिड मलाए

निरमाया तिम्रो हाम्रो बदनामै चलाए

निरमाया सिसा.........॥

तालको पानि माछीले खानी

निरमाया यो रमाइलो छोडेर काँ जाने

निरमाया सिसा.........॥

निरमाया तिम्रो र हाम्रो

कहिल्यै पनि नहोसहै नराम्रो

निरमाया सिसा.........॥

**भाका : दुई खोलीको शीर**

रहनी : दुई खोलीको शीर
धोएर जाँदैन यो मनको पिर ।

यो माया लाइ हातैको सिरानी
आजभोलि भैगयो बिरानी
दुई खोलीको.............॥

यो मनमा पिरको भारी ,
पाइन मैले बिसाउनी चौपारी ।
दुई खोलीको.............॥

मायासंग भेट हुने बित्तकै
लाग्छ माया झुल्के घाम जत्तिकै ।
दुई खोलीको.............॥

**भाका : पानीको तिर्सना**

रहनी : पानीको तिर्सना
गयो मया नौ डाँडा काटेर सकिन बिर्सन ।

जाम हिड मलाए ,
लाग्छ माया फेरि मन पलाए ।
पानीको तिर्सना.........॥

माया संग भेटहोला भनेर
अग्लो डाँडो सम्मै छ खनेर ।
पानीको तिर्सना.........॥

मेरो माया काँ पुगे होला ?
दिनमा हिड्ने सूर्यलाई था होला ।
पानी तिर्सना.........॥

तल्लो घरको उपल्लो घनसार ,
दिल बिग्रेर घुम्दै छु संसार ।
पानी तिर्सना.........॥

**भाका : नरोउ मायालु**
रहनी : नरोउ मायालु

पातलो छपनी,
कोही दिनको माया हुँ म पनि ।
नरोउ मायालु..........॥

बाह्रबजे घडीलाई दम दिंदा
रुन्छ मन हितको सई सम्झिदा ।
नरोउ मायालु..........॥

यो मायाले अचम्म बनायो ,
बल्ल मेरो हृदय रमायो ।
नरोउ मायालु..........॥

**भाका : हिमचुलीको घाम**

रहनी : हिमचुलीको घाम
बिरानो देशमा कल्लाइ माया लाम ।
गाईको बाच्छी भिरैमा राम राम,
छोडी जान सकिन संगै जाम ।
हिमचुलीको घाम ........॥

अचार पकाउ आलु र फर्सीको,
लाम्तो मया साइत छ पर्सिको ।
हिमचुलीको घाम ........॥

तालको पानी माछीले खानी ,
यो रमाइलो छोडेर काँ जाने ।
हिमचुलीको घाम ........॥

जाम हिड चिताउन ,
दुःखी जीवन सुखमा विताउन ।
हिमचुलीको घाम ........॥

**भाका : भिरमा सेती गाई**

रहनी : भिरमा सेती गाई
जुन माया लाएनी मलाई यत्तिकै ।

जानी मन थिएन ।
करिमैले उछ्यारै दिएन् ।
भिरमा सेती गाई......॥

जाम त भने वनैको बाटो,
नजाम भने मायाको मन फाटो ।
भिरमा सेती गाई......॥

यो वनमा रैनछ चरी
चरी भए कराउथ्यो क्यै गरी ।
भिरमा सेती गाई......॥

नभन तेसो -तेसो
कहिले कसो फर्कला सहि मेसो ।
भिरमा सेती गाई......॥

**भाका : किरिमिरे जाले रुमाल**

रहनी : किरिमिरे जाले रुमाल

जामत भने वनैको बाटो,
नजाम भने मायाको मन फाटो ।
किरिमिरे जाले रुमाल.........॥

तिम्रो र हाम्रो
कैल्यै पनि नहोस है नराम्रा ।
किरिमिरे जाले रुमाल.........॥

गाईको बाच्छी भिर नभै चर्दैन,
मेरो लागि पिर मान्नु पर्दैन ।
किरिमिरे जाले रुमाल.........॥
जाम हिड चितउन,
सकिएन जिन्दगी बिताउन ।
किरिमिरे जाले रुमाल.........॥

रातो रुमाल धोएर निचोर,
पाइन मैले मायाको विचार ।
किरिमिरे जाले रुमाल.........॥

**भाका : म जानी काँ हो काँ** ?
रहनी : म जानी काँ हो काँ ?

बनको कोइराला,
जति रुनी मेरै मन रोइरला ।
म जानी काँ ...... ?

खोलीको लयाजाल,
छिन्छ पोते छिन्दैन मयाजाल ।

म जानी काँ ...... ?

खानी भए खाउ पानी सारेर,

जाने भए जाउ माया मारेर ।

म जानी काँ ...... ?

चैतको उराठे मैना,

भैमा पात टुप्पैमा क्यै छैन ।

म जानी काँ ...... ?

**भाका : ठाडो**

यो मायाको पानैको पास

छोडी जाने मयाको के आशा ।

यो मायाले पानैको चौकाले,

भइयो भेट बेलै  र मौकाले ।

यो  मयाले हित गऱ्यो म सित

आखिरीमा जुग जाने को सित ।

मेरो माया तिम्रो र हाम्रो,

कैल्यै पनि नहोस है नराम्रो ।

**भाका : कुन्नी किन हो,**

रहनी : कुन्नी किन हो,

हुन सक्छ मायाले धोका दिन हो ।

माया तिम्रो सम्भना हुनाले,
कैल्यै पनि छुटेन रुनाले ।
कुन्नी किन हो ………॥

माया तिम्रो सम्भना अति भो,
अव मेरो बिग्रने मति भो ,
कुन्नी किन हो ………॥

हाम्ले माया लाएको कैले हो ?
चैते दशैं भन्दानी पैले हो ।
कुन्नी किन हो ………॥

यो मायालाई काँ देखौ हुने,
देखे माया बोल चालै नहुने ।
कुन्नी किन हो ………॥

**भाका : नानी लै**

रहनी : नानी लै

भातै र मिठो मारसी धानको
हा.....तिहुनै खाम्ला दालको नानी लै ॥
हा.....कैले र मार्छौं बामे है माछो,
हा.....डोरी छिदो जालको नानी लै ॥

गुद्रीमा बुन्नी यहि हत्तासो त,
हा......राजा र रानी जम नानी लै,
हा.......नैर तरेको काली र गंगा,
हा......ल आँउछ सम सम नानी लै ॥

टुनी र माईला टुनी र साईला,
हा.....बातलेर टुनी नानी लै,
हा.....जति र बढछिन काली र गंगा,
हा.....मन चम्धारै रुनी नानी लै ॥

**भाका : यानी माया**

रहनी :यानी माया

काटी हालम बावियो त
हा.....बाटी हालम दाम्लो,
हा......सपारेर सप्रिदैन
हा.......यानी माया बिगारेको मामला,

आज र मैले भातै खायो,
हा....यानी माया एकै पाथी दहीले ।
हा.....मनको कुरा नखोलेनी,
हा......यानी माया भनेको हो मैले ।

**भाका : नौलो माया**

रहनी :नौलो माया सलल,

यो माया को घर कता पऱ्यो नी ?
मैले माया साईलो दाई लाउने सुर गऱ्यो नी ।
नौलो माया..........॥

यो माया लाई काँ देखौ हुने,
देख्यो माया साइलो दाई बोलचालै नहुने ।
नौलो माया..........॥

धोवि लुगा धोई फाट्यो,
सम्झनाले साईलो दाई दिन मैले रोइकाट्यो
नौलो माया..........॥

मैले माया लाएको हुम् केरे,
हैन भने साईलो दाइ पानीले धुम केरे ।
नौलो माया..........॥

**भाका : साइला**
ओछयाइ दिन्छु गुन्द्री मत,
पाउनी छै नौ दरी साइला ।
तिमी हिड्छौ  तर्की तर्की,
म पर्छु लरी साइला ॥

पारी खायो करेलीले,
बारी खायो गाईले साइला ।
राम धनु छुनै गाह्रो,
चलाउछु मैले साइला ।

अर्मादीको सेरोफोरो
लाङगेलुङगे साल साइला ।
धर्म कर्म लेखो छैन,
जे छ करिम खाला साइला ॥

बढि आयो काठे खोला,
दरिसै फुट्यो मुल साइला ॥

**भाका : लालुमै पर्ख तिमीलाइ**

रहनी : लालुमै पर्ख तिमीलाइ

पानी आयो मर्स्याङदी बाटैमा
छैन माया लालुमै बोलीको छाँटैमा
पर्ख तिमीलाइ ।

जानी बेला भैसक्यो साथी,
ठाडो टिको लालुमै फुल लाईदेउ पातीको ।

पर्ख तिमीलाइ ।

घोडी लाइ मैदान,
आईको मत लालुमै चेलीलाइ लैजान ।
पर्ख तिमीलाइ ।

पोखरामा लालुमै मट्टितेल टिनका टिन,
माया भए लालुमै भेट हुन्थ्यो दिनका दिन ।
पर्ख तिमीलाइ ।

अघि माया हस्केर लाइयो,
पछि ठक्कर खाँदा पो चाल पाइयो ।
पर्ख तिमीलाइ ।

**भाका : एक आनी**

रहनी : एक आनी दुई आनी तीन आनी
हामीसंग बोल्दैनौ किननी ।

एक आनी दुई आनी तीन आनी
मैले माया मारेकै थिननी ।

घर छायो धन्सारै भटायो,
करिमले क्या धोका कटायो ।
एक आनी.........॥

पानी आयो कालीको बाटैमा,
छैन माया बोलीको छाँटैमा ।
एक आनी.........॥

भात पाक्यो दाल कहिले पाउचर,
बाजे तिम्रो क्या मया लाँउचर ।
एक आनी.........॥

**भाका : चौतारीको वर**

रहनी : चौतारीको वर,
जाँ लान्छ कर्मले उही हो मेरो घर ।

काँ होला चरीको बास पनि,
छैन कर्म लाउदै आस पनि ।
चौतारीको वर..........॥
यो मनमा कति हो पिर पनि ,
पिरै पिरले देख्दिन अग्लो भिर ।
चौतारीको वर..........॥

टोपी फाट्यो धोवीले धोएर,
ज्यान सुक्यो चम्धारा रोएर ।
चौतारीको वर..........॥

फूलवारीमा फूल फूल्यो चमेली,
कति बसुं पापी मन समेली ।

चौतारीको वर..........॥

**भाका : डाँडैमा देउराली देउता**

रहनी : डाँडैमा देउराली देउता

फूलपाती चढाउने म यौटा,

खनीमा दिनु खोस्रीमा दिनु सुन हजुर शरादे सिमीलाई,

ए...जैलेमा आँउछु सुतेकै देख्छु के भयो तिमीलाई ।

डाँडैमा देउराली देउता.........॥

उहो हेर्दा यो काली लेक सुन हजुर उँधोमा निरय,

कि लाग्छ मलाई कान्छीको माया सुन हजुर कि लाग्छ विरय ।

डाँडैमा देउराली देउता.........॥

आजै र मैले सपना देख्यो सुन हजुर हात्तीले टेकेको,

देखेको मात्र पाइने होइन सुन हजुर पाइन्छ लेखेको ।

डाँडैमा देउराली देउता.........॥

**भाका : फूलमाया निर मसीले,**

रहनी : फूलमाया निर मसीले,

म तल भूइमा छु निरमाया तान रसीले ।

यो मायाले सम्झना गरे,

काम छोडेर निर रुनी काम नगरे ।

फूलमाया ..........॥

जाम हिड नबसम,

भरे आँउछु निर भनेर खाउ कसम ।

फूलमाया ..........॥

फूल फूल्यो सेतै,

कि आउ यता निर कि आँउछु म तेतै ।

फूलमाया ..........॥

**भाका : सलल काली गण्डकी**

रहनी : सलल काली गण्डकी

आज याँ भोलित काँ हो काँ,

यस्तै हो हाम्रो जिन्दगी ।

यो मयाको भर परी म बस्दा,

गयो मेरो कलिलो अवस्था ।

सलल काली गण्डकी..........॥

यो मयाको सम्झना हुनाले,

कैल्यै पनि छुटेन रुनाले,

सलल काली गण्डकी..........॥

यो मायाको झझल्को आइरने,

कुटुकुटु यो मुटु खाइरने ।

सलल काली गण्डकी..........॥

हात काट्यो चालिसे चुराले,

माया फाट्यो गाँउघरको कुराले ।

सलल काली गण्डकी..........॥

दमाइ दाइलेबजायो थुम्केरे

तिम्ले सम्झे म तिम्रै हुम केरे ।

सलल काली गण्डकी..........॥

**भाका : प्याउली पलाइ छ**

रहनी : प्याउली पलाइ छ,

नरोउ न निरमाया सुख कल्लाइ छ ।

फूल फुल्यो केतुकी

यो मायालाई उडेर भेटुकी ।

प्याउली पलाइ छ..........॥

नाम बाटो नेटाको,

लाइदेउ माया म कुमार केटाको ।

प्याउली पलाइ छ..........॥

मेरो माया नभन त्यसरी,

मेरो पनि रुन्छ मन बेसरी ।

प्याउली पलाइ छ..........॥

**भाका : पोखराको निरजाले हो**

रहनी : पोखराको निरजाले हो

बैसले भनौली यो मनको बिरहले हो ।

जाम हिड मलाए,

तिमी जाँदा मलाइनी बोलाए ।

पोखराको..................॥

सुन होइन हिरा,

सम्झी ल्याउँदा कलेजो नौ चिरा ।

पोखराको..................॥

ढाकाको टोपी,

भइन गीत सइ तिम्ले नछोपी ।

पोखराको..................॥

गाउ गीत रसैको,

डरकर नमान कसैको

पोखराको..................॥

**भाका : लाछा डोरीलाई,**

रहनी : लाछा डोरीलाई,

मायाको सम्झना जुगै भरिलाई ।

लाम माया छिटो,

नलाए माया मेरो त घर बित्यो ।

लाछा डोरीलाई...................॥

यो माया जुंगाको रेखी,
तर तर तर्कने म देखी,
लाछ्या डोरीलाई..................॥

मायालाई देखेर
बसे मत मुल बाटो छेकेर ।
लाछ्या डोरीलाई..................॥

यो माया ले दिएको चिनु,
धुँदा पनि गएन भन्दिनु ।
लाछ्या डोरीलाई..................॥

चौतारीमा वर पिपल सारेर
गयौ माया झन गहिरो पारेर ।
लाछ्या डोरीलाई..................॥

**भाका : पानी पातैमा**

रहनी : पानी पातैमा
डंगा डुबेछ रानी घाटैमा ।

पिपलुको छेलपारी बोलाउँदा ,
भात खाइन दिन रात टोलाउँदा ।
पानी पातैमा...........॥

नपार न सम्झेर रुन
कहिले काँहित आइदेउन भेट हन् ।
पानी पातैमा...........॥

शिर्सुवा र फलेवास झरौला,
मर्न परे संगसंगै मरौला ।
पानी पातैमा..........॥

**भाका : बारुलै**

रहनी : आँधी खोला बारुलै फनफनी घुमेको
एउटा रुमाल बारुलै दुइटीले बुनेको ।

मैले माया बारुलै लाएको रोएर
जानी छैन बारुलै पानीले धोएर ।
आँधी खोला..........॥

माया तिम्रो बारुलै घर कता पऱ्यो ।
मैले माया बारुलै लगाउने मान गऱ्यो ।
आँधी खोला..........॥

फेवताल शीरै हो,
घर त मेरो बारुलै मुडिकुवा तिरै हो ।
आँधी खोला..........॥

माया तिम्रो बारुलै घर पऱ्यो टाढा
माछिकाँडे बारुलै डाँडैमा घर सार
आँधी खोला..........॥

घर त मेरो बारुलै याँ होइन हिले
लाम्ला माया बारुलै दुवैको मन मिले ।
आँधी खोला..........॥

**भाका : झऱ्यो दोभान**

रहनी : झऱ्यो दोभान
न तिम्लाइ न मलाइ भयो जोवन ।

माया संग भेटभाको आजै हो ,
भेट हुने दिन पनि राजै हो ।
झऱ्यो दोभान...........॥

लेउ रौसी भरेर
दिम्ला पैसा दोबिल्ला झारेर ।
झऱ्यो दोभान...........॥

पानैको चौकाले भैयो भेट बेलै र मौकाले,
झऱ्यो दोभान...........॥

रसखायो मौरीले

हानी देउन फुलको लौरीले,

झर्‍यो दोभान ...............॥

**भाका : खस्यौली खसेको**

रहनी : निरजाले खस्यौली खसेको डिल बसेको

लाउ माया आँटेर

नलाउ माया मयालाई ढाँटेर,

निर जाले ................।

यो मायाको पाई पर्‍यो टाढाको

कहिले बाग्लुङ कैले नौ डाँडाको

नीर जाले....................॥

रोपेको खोला खेत

आउनी जानी गरेपो होला भेट ।

नीर जाले ............॥

न ता तिम्ले न मैले देखनी

माछी काँडे डाँडैले छेकनी

निर जाले

**भाकाः लरी लरी**

रहनी : लरी लरी

घर बिनाको लरी लरी भएँनी ऐले
घरको ठेगन लरी लरी लाउँदै छ भावीले ।

धनी साहुलाई लरी लरी गुदरी काम्लो
म दु:खीलाई लरी लरी जाँ बस्यो उही राम्रो ।

लेउन आमा लरी लरी आँसी र नाम्लो,
धोबी खोला लरी लरी धोबेनी पलायो ।

जाने भए लरी लरी जाम्तनी मया
अब ता लरी लरी बरिखा लाईसक्यो

**भाका : ए हजुर**
घर त मेरो ए हजुर याँ होईन राम्जा
दिल बसेको ए हजुर मायालाई नसम्झ ।
छोटा पाउले ए हजुर यो भेट होलाकी
तिम्लाइ सम्झी ए हजुर रोइरन पर्लाकी

घर मेरो ए हजुर याँ हैन सिखारी
उराठेलाई ए हजुर नबोलाउ पिर पारी

**भाका : होनी माया**
हात काट्यो चाँदीको ढोकाले

मरे परान जाँदैन धोकाले,
चरीलाई थापौ लिसै र पासो
मेरो माया बाघैलाई धराप ।
दुधको भारा मै तिरी दिम्ला
मेरो आमा नै गरे शराप ॥

आँधी खोला माछीलाई जाल पनि
म दुःखीलाई आउँदैन काल पनि
हो नी माया आउँदैन काल पनि ।

लान त लान्तोनी रेलले
पासो पारो काखैको चेलाले ।
होनी मायाँ पासो पारो काखैको चेलाले ॥

सलसल घोडीलाई तबेला
बस माया हुदैन अबेला ।
हो नी माया हुँदैन अबेला ।
भात खायो मुगीको दालसित
गयो जोवान बैरागी चालसित
हो नी माया गयो जोबान बैरागी चालसित ॥

**भाका : टिको निरको**
रहनी : टिको निरको
औषधी पाइएन मनको पिरको

हरियो बनलाई
केही नभन उडेको मनलाई
टिको निरको.................॥

के भनेर के भयो कल्लाइ
भारी पिर छ यो मेरो मनलाई ।
टिको निरको.................॥

कति जिउ सुकाम्तो
लाम्तो पासो पटुकी फुकाम्तो,
टिको निरको.................॥

गुनको पैंचो तिरिन्छ गुनैले
दीन लाउँदा पो हेर्दैन कुनैले ।
टिको निरको.................॥

धान कुट्यो मिसिनले
लाम्तो माया नछुट्ने किसिमले ।
टिको निरको.................॥

कता पर्‍यो बाग्लुङे निरए,
काँ बसेर पोखम्तो विरह ।

टिको निरको.................॥

मनम भने मनमा पिर धेरै छ
डिलमा बसी रुन नी बेरै छ ।
टिको निरको.................॥

वरिपरि बैरीको नेरो
सत्तुरको माझैमा घर मेरो
टिको निरको.................॥

घर त मेरो याँ होइन दोबिल्ला
उड्ने मन बुझाउने को मिल्ला
टिको निरको.................॥

**भाकाः सम्झना लैजाउ रिबन**

रहनीः सम्झना लैजाउ रिबन

कातेको बत्तीले
काटे कुरा जन्मेका जत्तिले

सम्झना लैजाउ रिबन
हरियो वनलाई
केही नभन सोल्टी उडेको मनलाई
सम्झना लैजाउ रिबन

मन त मेरो बढेको गंगा झैं
दिन रात सोल्टी उडेको चंगा झैं ।
सम्झना लैजाउ रिबन

जोखम भने सुन चाँदी सेर छैन
सत्तुरले सोल्टी ज्यान खान बेर छैन ।
सम्झना लैजाउ रिबन

**भाका : ठाडो**
आकाशैमा तीन तारे ताँती
दैव पनि लागेछ मै माथि ।

कर्ममेरो बिग्रदै गको छ
जल्ले जसो भनेनी भको छ ।

पानी आयो घाम भइन विरबिरे
मन त मेरो वासैको फिरफिरे ।

काँ बसेर को सित रुनी हो,
गरो दुःख को धनी हुनी हो ।

मेरो त करिमै कालो छ,
न समाउने न टेक्ने डालो छ ।

सउरैमा तीन तारे ताँती,

दैव सत्तुर लाइ राखे म माथि ।

चौतारीमा पात खस्यो बरको,
कत्ति माया छैन यो घरको ।

**भाका : हा हा**
बाँसैको धनु
हा हा मनको पीर भनुकी नभनु ।

म दुःखीलाई पीर परीपरी
हा हा गयो जोवान चयन नगरी

**भाका : सलेनी बग्यो बलेनी**
रहनी : सलेनी बग्यो बलेनी

मैले माया लएकै हुम्केरे
होइन भने पानी धुम्केरे
सलेनी बग्यो बलेनी

मैले माया लाएकै रोएर
जाने छैन पानीले धोएर
सलेनी बग्यो बलेनी
टोपी फाट्यो धोबीले धुनाले
मन फाट्यो सम्झेर रुनाले
सलेनी बग्यो बलेनी

**भाका : सरर यो मन धरर ,**

रहनी : सरर यो मन धरर

न त तिम्ले न मैले देखेको,
माछी काँडे डाँडैले छेकेको ।
सरर यो मन धरर.........॥

जानेबेला भै सक्यो साथी को,
ठाडो टिका फूल लाइदेउ पातीको ।
सरर यो मन धरर.........॥

जाम भने जाम तनी ,
दुइचार महिना घुमेर आम तनी ।
सरर यो मन धरर.........॥

घर त मेरो याँ होइन चौर हो
लाम्ते माया बेमानी छौ र हो ।
सरर यो मन धरर.........॥

लाउ माया भरको,
मैले आशा मारुला घरको ।
सरर यो मन धरर.........॥

**भाका : है माया**

आज र मैले सुपारी खायो
बनिया है माया बजार वनिया बजार ।
बैनिलाइ लाँदा जारीमा परे तिरम्ला हजार ,
तिरम्ला है माया हजार तिरम्ला हजार ॥

खनीमा दिनु खोस्रीमा दिनु सरादे सिमीलाई,
सरादै है माया सिमीलाइ सरादे सिमीलाई ।
जैले म आउछु सुतेकै देख्छु के भयो तिमीलाई ।
के भयो है माया तिमीलाइ के भयो तिमीलाई ॥

गाई दुयो भैंसी दुयो ठेकी त चारमाने
ठेकी है माया चारमाने ठेकी त चारमाने ॥
जैले म आउछु सुतेकै देक्छु मैलेत हार माने,
मैले त है माया हार माने मैलेत हार माने ॥

थाकैमा खोला थकाली को भेडीलाइ नुन छैन,
भेडीलाइ है माया नुन छैन भेडीलाइ नुन छैन ।
कपालै काटी बिछयाउदा पनि चेलीलाइ गुन छैन,
चेलीलाई गुन छैन है माया चेलीलाइ गुन छैन ॥

आकाशैमा नौ लाखे तारा एक तारा जून सित,
तारा है माया जुन सित एक तारा जून सित ।
हाँस खेल गर्ने सबसित जुगजाने कुनसित ?
जुगजाने है माया कुनसित जुगजाने कुनसित ??

**भाका : हे माया**

हे माया यो मयाको सुकिलो दन्त
दन्त छोडी जादैन मन अन्त ।

हे माया घुमाउने घडीलाई
लाइछु माया उड्ने चरीलाई ।

हे माया चौपारीमा बर पिपल छाँया
छोडी जाने पापीको के माया ।

हे माया खाने भए खाउ पानी सारेर
जाने भए जाउ माया मारेर

हे माया तिम्रो र हाम्रो
कहिल्यै पनि नहोस है नराम्रो ।

## ४.३. बाह्रमासे लोकगीतको वर्गीकरण

लोकगीत  लोक समाजले कथ्दै, गाउँदै र संगाल्दै आएको गीत हो । यसमा लोक समाजमा रहेका तिता मिठा अनुभवहरु संस्कारका चाल चलनहरु तथा मानव मनमा रहेका गन्थन मन्थनहरु रहेका हुन्छन् । बाह्रमासे लोकगीत यस्तो गीत हो, जुन बाह्रैमहिना मेला पात, तीर्थव्रत, मेला, पर्वहरुमा एकल तथा युगल रुपमा घन्केका लोकगीतहरुले वनपाखा, खोलानालाहरु समेत गुन्जायमान भएको पाइन्छ । अतः पर्वत जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित लोकगीतहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

१) प्रस्तुतिका आधारमा

२) विषय वस्तुका आधारमा,

**१. प्रस्तुतिका आधारमा :**

पहाडी जिल्ला पर्वत त्यसमा पनि मुडिकुवा जहाँका मानिसहरुको मुख्य पेशा कृषि हो भन्ने बित्तिकै त्यसमा अधिक परिश्रम गाँसिएर आउने हुनाले यहाँका कृषकहरुले बाह्रैमहिना खेतमा परिश्रम गरिरहन्छन् र त्यही परिश्रमबाट थकानको अनुभव गर्दा यी विभिन्न भाकाका गीतहरु सृजित र प्रस्तुत हुन्छन् ।

जस्तै : तोरी पयाँलै भाका, भिरमा सेतीगाई,भाका प्याउली पलाइछ भाका , लेउन आमा आँसी र नाम्लो भाका आदि यहाँका युवायुवतीहरु काम गर्दागदै प्रेममा फस्न पुग्छन् । त्यस्ता अभिव्यक्तिहरु गीत मार्फत नै प्रस्तुत गर्छन जस्तै : लालुमै पर्ख तिमीलाई, एकादशी डाँडैमा बसी, सम्झना लैजाउ रिवन भाका आदि यहाँका मानिसहरु खेतको आलीमा केटा र कान्लामा केटीहरु बसेर परिश्रम गर्दागर्दै दोहोरी गाउँछन् । यसरी दोहोरीको रुपमा यी गीतहरु प्रस्तुत हुन्छन् । एक्लै बस्तुभाउ चराउँदा, घाँसदाउरा गर्दा सुसेल्दै पनि यी गीतहरु गाइन्छन् । विभिन्न मेला र जात्राहरुमा पनि यी बाह्रमासे भाकाहरुमा प्रतियोगितात्मक दोहोरी पनि चलाइन्छ । यहाँका विभिन्न चाडपर्वहरुमा पनि यिनै बाह्रमासे भाकाका गीतहरुले स्थान जमाएको पाइन्छ । विवाह आदि कार्यक्रममा नौमती बाजाको साथमा यिनै बाह्रमासे भाकाहरु नृत्य गीतको रुपमा प्रस्तुत हुन्छन् ।

यसरी एकोहोरी, दोहोरी नृत्यसहित नृत्यविना चाडपर्व परिश्रम मेला जात्रा, प्रतियोगिता आदि विभिन्न रुपले मुडिकुवा क्षेत्रमा यी गीतहरु प्रस्तुत हुन्छन् । अतः प्रस्तुतिको आधारमा यी गीतहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

**क) एकल प्रस्तुतिका गीतहरु :**

पर्वतको मुडिकुवा क्षेत्रका बासिन्दाहरु वनपाखा, खेताला, गोठाला तथा पर्वहरुमा एक्लै गुन्गुनाएर वा अरुको सामुन्ने गाउने गीत नै एकल गीत हुन् । त्यसमा गायकले आफ्ना मनका हर्ष तथा पिडाहरुलाई एक्लै प्रस्तुत गर्दछन् । यस्ता एकल गीतका भाकाहरु निम्नानुसारका रहेका छन् ।

यो मायाँको सम्झना हुँदा

धरतीमा मूल फुट्यो म रुँदा

हेर्दा हेर्दै भिर काट्यो दाईले

हो अब मायाँ को सित लाम मैले

पानैको चौकाले भैयो भेट

बेला र मौकाले ।

लैनु भैंसी के चाहियो हामीलाई

राम्दी पुल तरेर जानीलाई ।

गयो धरम सरर बगेर ।

उर्ल्यो पाप संसारै छोपेर

बाग्लुङे चौर माईको  थान भल बग्यो रगत

न मेरो भाई न मेरो सई एक्लै म फगत ।

लालु पाते फुलेर लाल भयो

आज मेरो जोगीको चाल भयो

नरोउ मायालु ।

काँ बसेर कोसित रुनी हो

गरो दुःख को धनी हुनी हो ।

म दुःखीलाई पिर परि परि

गयो जोवान कहिल्यै पेट नभरी ।

रसखायो मैरीले

हानी देउन फूलैको लौरीले ।

खोलीको दुई पाते

झलझल सम्झिन्छु उही साथे ।

**ख) युगल प्रस्तुतिका बाह्रमासे गीतहरु :**

बाह्रमासे लोकगीतहरुलाई समूहमा तथा दोहोरी गीतमा प्रस्तुत गरिन्छ । कुनै मेला पर्व, खेताला गोठाला जाँदा आफ्नो थकान बिर्सन तथा मनोरञ्जन लिन समूहमा बसेर यस्ता गीतहरु गाउने गरिन्छ । लोकगीतको धनी पर्वत जिल्ला, यसमा त दोहोरीको माध्यमवाट विवाह पनि गरेको घटनाहरु पाइन्छ । असारको रोपाई गर्दा बाउसे र खेतालीहरुले हिलो छ्याप्दै दोहोरी खेलेर मनोरञ्जन लिने र परिश्रम बिर्सने गर्छन । यस्तै समूहमा वा दुई जनाको बीचमा गाउने गीत नै युगल गीत हुन् । यस्ता गीतहरुको उदाहरण निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

केटा : शीरमा लाउनी शीरैको टोपी, पाउमा लाउनी जुत्ता<br>
हाई मेरो प्रदेशी प्रियतम पाउमा लाउनी जुत्ता ।<br>
मेरो र मन धमिलो भयो यता जाम की उता,<br>
हाई मेरो प्रदेशी प्रियतम पाउमा लाउनी जुत्ता ।

केटा : शीरमा लाउनी शीरैको टोपी,कानमा लाउनी घुर<br>
हाई मेरी प्यारी रानी कानमा लाउनी घुर ।<br>
ख्यालख्यालैको पिरती मैले के जानेको छुर<br>
हाई मेरी प्यारी रानी मैले के जानेको छुर ।

केटा : जाम हिड मलाए,<br>
निरमाया तिम्रो हाम्रो बदनामै नचाए ।

केटी : तालको पानी माछीले खानी<br>
निरमाया यो रमाइलो छोडेर काँ जाने ?

केटा : गाइको बाच्छी भिरैमा रामराम<br>
छोडी जान सकिन संगै जाम ।

केटी : अचार पकाउनु आलु र फर्सीको<br>
लाम्तो माया साइत छ पर्सिको ।

केटा : यो मायाको पानैको पासा

छोडी जाने मायाको के आशा ।

केटी : जाने बेला भैसक्यो साथीको

ठाडो टिका फूल लाइदेउ पातीको ।

केटा : गाइको बाच्छी भिरैमा रामराम

छोडी जान सकिन संगै जाम ॥

**२. विषय वस्तुका आधारमा :**

नामैले पर्वत, त्यसैले यहाँ डाँडा काँडा, पाखा पखेरा, खोला-खोल्सा, वन जंगलले यो ठाउँ भरिपूर्ण छ । यसको साथै धार्मिक ऐतिहासिक दृष्टिले पनि यो ठाउँ भरिपूर्ण रहेको छ । यिनै विभिन्न विषय वस्तुहरुमा आधारित भएर लोकगीतहरुको सङ्कलन गरिएको छ । मुडिकुवा क्षेत्रका प्रायजसो सवै मानिसहरु हिन्दू धर्म संम्बन्धी संस्कार झल्किने गीतहरु पनि गाएका हुन्छ । अत : विषय वस्तुका आधारमा लोकगीतलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**क) सामाजिक बाह्रमासे लोकगीत :**

कुनै पनि लोकगीतमा त्यस समाजको यथार्थ चित्रण उत्रेको हुन्छ । सामाजिक अवस्था भन्नाले रहन सहन, जातजाति, भेषभूषा, भाषाभाषी ज्ञानगुन शिक्षा रोजगार आदि कुराहरु बुझिन्छ । यहाँका मानिसहरुले प्रमुख रुपमा कृषि पेसा अपनाउँदा जीवन धान्न धौ धौ परेकाले चितवन, लाहुर, मलेसिया, अरव जस्ता ठाउँहरुमा जानु पर्ने बाध्यताको अभिव्यक्ति गीत मार्फत गरिएको छ । यस्ता सामाजिक यथार्थको उद्घाटन गर्ने केही गीतहरुको उदाहारण निम्नानुसार दिइएको छ ।

दमाई दाइले बजायो सनाई

लाउनी माया नलाउनी बनाइ ।

हलको गोरु जखामी भयो सोमबार दाउनाले
काखको चेलो विरामी भयो मै दुःखी आउनाले ।

धार्नीको कोदाली मेरो धरती घसुला,
के भनी ल्यायौ सई उठी गयौ
को भनी बसुला ।
जाम हिन चितौन,
सकिएला जिन्दगी विताउन ।

मेरोमाया जाम हिन मलाए ,
लाम्ला माया फेरि मन पलाए ।

कल्लाई दोष लाम्तोनी
पैसा भए बनिदै आम्तोनी ।

भनम भने मनमा पिर धेरै छ ।
डिलमा बसी  रुननी बेरै छ ।

लहडैमा लाहुर जानाले
मरिन्छ की बाटैमा खानाले ।

कति जिउ सुकाम्तो
लाम्तोपासो पटुकी फुकामतो ।
टिको निरको

औषधी पाइएन मनको पिरको ॥

हे आमा म कति मल्यानी ।
शिरको आँसु धुरीको बल्यानी ।

ओछ्याइ दिन्छु गुन्द्री म त
पाउनी छैनौ दरी साइला ।
तिमी हिड्छौ तर्की तर्की
मै पर्छु लरी साइला ।

काँ होला चेलीको बास पनि
छैन करिम लाउदैन आस पनि ।

**ख) धार्मिक बाह्रमासे लोकगीत :-**

मुडिकुवाका धेरै जसो बासिन्दाहरु हिन्दू धर्म मान्दछन् । हिन्दू धर्म संस्कार भनेपछि यहाँका बासिन्दाहरु हुरुक्क हुन्छन् । धर्म संस्कृतिको चित्रण सांस्कारिक पर्व सम्बन्धी गीतमा अधिक मात्रामा हुन्छ । बाह्रमासे लोकगीतहरुमा पनि धर्म संस्कृतिको प्रयाप्त चित्रण पाइन्छ त्यसकारण बाह्रमासे लोकगीतलाई धार्मिक आधारमा पनि वर्गीकरण गर्न सकिन्छ, जस्तै :

एकादशी डाँडैमा बसी
हेर्नु पऱ्यो मायाको गाउँबेसी ।
बाग्लुङे चौर माइको थान
भल बग्यो रगत
न मेरो भाइ नमेरो सई एक्लै म फगत ।
डाँडैमा देउराली देउता

फूलपाती चढाउने म एउटा ।
पारि खायो करेलीले बारी खायो गाईले साइला ।
धर्मकर्म लेखो छैन जे छ करिम खाला साइला ।

गयो धरम सरर बगेर
उल्यो पाप संसारै छोपेर ।
चौपारीमा वरपिपल सारेर
गयौ माया झन गहिरो पारेर
लाछ्रा डोरीलाई
मायाको सम्झना जुगै भरिलाई ।
शिख देउराली
तिम्लाई सम्झदै सम्झदै झऱ्यो ओराली

जानी बेला भइसक्यो साथीको
ठाडो टिको फूल लाइदेउ पातीको ।
हाम्ले मया लाएको कैले हो ?
चैते दशै भन्दानी पैले हो ।

गाईको बाच्छी भिरैमा रामराम
छोडी जान सकिन संगै जाम ।

लाइरनी रन्को
कैले धोका पुगेन यो मनको ।

लाउ टोपी उराली

विरहमा नबजाउ मुरली ॥

हे ....अर्मादीको सेरो फेरो
लाङगे लुङगे सालसाइला
धर्म कर्म लेखो छैन
जे छ करिम खाला साइला ।

काँ होला चरीको बास पनि
छैन करिम लाउदैन आस पनि ।
हात काट्यो चाँदीको ढोकाले
मरे परान जादैन धोकाले ।

ग) ऐतिहासिक बाह्रमासे लोकगीतहरु :

पर्वत जिल्ला ऐतिहासिक दृष्टिले पनि धनी मानिन्छ । मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे लोक गीतहरु ऐतिहासिक तथा भौगोलिक वस्तुहरुलाई आधार बनाएर सङ्कलन गरिएका छन् । कुनै गीतमा आँधिखोलाको बयान छ भने कुनै गीतहरुमा बाग्लुङ, थाकखोला छहरा पहरा आदिलाई लिइएको पाइन्छ । अत : यस्ता बाह्रमासे लोक गीतहरु ऐतिहासिक तथा भौगोलिक आधारमा पनि वर्गीकरण गरेर हेर्न सकिन्छ, जस्तै :

उधोमा बग्ने यो मोदी खोला उपल्लो र्शिसौली
तिम्ले र हाम्ले लाएको माया काँ गर बिर्सौली ।

धिपि र धिपि आगो र बलो थनथापे बलेवा
तिमी र हौली तालैको माछो म हुम्ला जलेवा ।

अर्मादीको सेरोफेरो लाङगे लुङगे साल साइला
धर्म कर्म लेखो छैन, जे छ करिम खाला साइला ।

बढी आयो आँधी खोलो दरिसै फूट्यो मूल
हजुरलाई भन्दा खेरी परिदेशै भुल्यो ।

पानी आयो अर्मादी बाटैमा
छैन माया रेलिमै बोलीको छाँटैमा ।

घर त मेरो याँ होइन हिले
लाम्ला मया दुबैको मन मिले ।

निरजाले खस्यौली खसेको डिल बसेको ।

थाकैमा खोला थकालीको भेडीलाई नुन छैन ।
कपालै काटी ओछ्याउँदा पनि चेलीलाई गुन छैन् ।

कतापऱ्यो बाग्लुङ्ग निरय
काँ बसेर पोखुला विरय ।

घर मेरो याँ होइन राम्जा
दिल बसेको मायालाइ नसम्फ ।

लेउ रौसी भरेर
दिम्ला पैसा दोबिल्ला भरेर ।

फेवाताल शीरै हो ,
घर त उता बारुलै पचासे तिर हो ।
आँधी खोला बारुलै फनफनी घुमेको

एउटा रुमाल बारुलै दुइटीले बुनेको ।

पोखराको निर जाले हो
बैसले भनौली यो मनको बिरहले हो ।

पोखरामा मट्टीतेल टिनका टिन
यो मायालाई सम्झन्छु दिनका दिन् ।

उघो र बग्ने काली र गंगा रिडीमा गहिरो
सम्झीमा ल्याउदा यो मनमा चल्दछ पहिरो ।

बाग्लुङ्गे चौर माइको थान बिनीमा देवल
हातैमा हाली चलनु छैन बैनी बोलेर के होला ।

## ४.४ बाह्रमासे लोकगीतको विश्लेषण

पर्वत जिल्ला नेपालको पश्चिमी भेगमा पर्ने पूर्णत पहाडी जिल्ला हो । यस जिल्लाको समग्र हावापानी एकै नास नभएर विविध प्रकारको रहेको छ । उच्च पहाडी क्षेत्रमा हिमपात हुने वा ठण्डी हावापानी रहेको छ भने मध्य पहाडी क्षेत्रमा प्रायश : गर्मी रहने गर्दछ भने पहाडी क्षेत्रमा ठिक्कको अर्थात न त धेरै जाडो नत धेरै गर्मी हुन्छ । यहाँका बासिन्दाको मुख्य पेसा कृषी र पशुपालन नै रहेको छ । यस जिल्लामा साक्षरता प्रतिशत धेरै छ । लोक साहित्यका विभिन्न विधाहरु मध्ये लोकगीतमा यो जिल्ला निकै प्रख्यात छ ।

यो जिल्ला लोकसाहित्यक सम्पदाले निकै धनी मानिन्छ । त्यसमा पनि लोकगीत त मुडिकुवा क्षेत्रका बासिन्दाको मुटुको ढुकढुकी नै बनेर रहेको छ । यहाँ यिनै लोकगीत मध्येको सबैभन्दा प्यारो बाह्रमासे लोकगीतको विविधआधारमा विश्लेषण गरिन्छ ।

### १) कथ्य विषय वस्तु /सन्देश

लोकगीतको आन्तरिक संरचना अर्न्तगत कथ्य वा मूलभाव रहेको हुन्छ । यस मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे गीतहरुले मनोरञ्जन त दिन्छन् नै त्यसमा पनि अझै बढी सन्देश पनि दिएका हुन्छन । यहाँका जन जिब्रोमा झुण्डिएका लोकगीतहरुले यस्तो सन्देश दिएका हुन्छन् ।

अर्मादीको सेरोफेरो लाङगे लुङगेसाल साइला
धर्म कर्म लेखो छैन, जे छ करिम खाला साइला ।
अघि माया हस्केर लाइयो
पछि ठक्कर लालुमै खाँदा पो चाल पाइयो

यी गीतले अरुको देखेर हुदैन, आफ्नो कर्ममा जे छ त्यो मात्र पाइन्छ  र काम गर्दा सोच विचार गरेर गर्नु पर्ने नत्र पछि पछुताउनु सिवाय केही हुँदैन भन्ने सन्देश उक्त पंक्तिले दिएको छ ।

कल्लाइ दोस लाम्तोनी
कर्म भए बनेर आम्तोनी ।
गुनको पैचो तिरिन्छ गुनैले
दीन लाउँदा पो हेर्दैन कुनैले ॥

हे माया खानी भए खाउपानी सारेर
जानी भए जाउ माया मारेर ।
गयो धरम सलल बगेर
उर्ल्यो पाप संसारै छोपेर ।

उक्त गीतहरुमा दोष कसैलाई पनि लगाउनु हुदैन । त्यो त कर्मको खेल हो । राम्रो अवस्थामा सवै आफ्ना हुने र दिन विग्रदै जान लाग्यो भने आफ्ना पनि टाढिने तथा कसैलाई मन दिंदा विचार गरेर मात्र दिनु पर्ने सन्देश दिएका छन् ।

**२) स्थायी अन्तरा र थेगोको आधारमा विश्लेषण**

हरेक लोकगीतमा निश्चित पद , पदावली र पङतिहरु हुन्छन् । त्यस्तै बाह्रमासे लोकगीतमा पनि यी नियममा बद्ध भएका हुन्छन । स्थायी भनेको लोकगीतमा दोहोऱ्याएर आइरहने अंश वा गेडो हो । यसले लय र भाकाको निर्धारण गर्दछ । मुडिकुवाली लोकगीतमा पनि यस्ता स्थायी भावहरु रहेका हुन्छन् । जस्तै :

यो मायाको भर परि म बस्दा
गयो मेरो कलिलो अवस्था ।
सलल काली गण्डकी
आज हयाँ छु भोलि त काँ हो काँ
यस्तै छ हाम्रो जिन्दगी ।

यो मयाको जुंगाको रेखी
तर तर नतर्क म देखी ।
लाछा डोरीलाई
मायाको सम्झना जुगै भरिलाई ।

यी माथिका गीतमा रहेका “सलल काली गण्डकी
” यस्तै छ हाम्रो जिन्दगी । लाछा डोरीलाई ..........
जुगै भरिलाई यस गीतमा रहेको गेडो वा स्थायी हुन् ।

अन्तरा : बाह्रमासे गीतमा रहेको मुख्य कथ्य वस्तु नै अन्तरा हो । यो एक आपसमा कथ्य विषयसंग सम्बद्ध हुन पनि सक्छ नहुन पनि सक्छ । जस्तै :

चौपारीमा बरपिपल सारेर
गयौ माया झन गहिरो पारेर ।

यी लोकगीत कथ्य विषय संग सम्बद्ध हुन् ।

यो मायाले दिएको चिनु

घुँदा पनि गएन भन्दिनु ।

मादलु यो तनी

बोल माया म तिम्रै हुम भनी ।

यी गीत कथ्य विषय संग सम्बद्ध नभएका गीत हुन् । यसगीतमा पंती मिलाउनको लागी मात्र 'मादलु यो तनी' भन्ने पङति आएको हो ।

कतिपय लोकगीतमा मुख्य विषय वस्तुलाई व्यङ्गयात्मक रुपले पुष्टि गरिएको हुन्छ । जस्तै :-

रस खायो मौरीले

हानी देउन फूलैको लौरीले ।

यो वनमा रैनछ चरी

चरी भए कराउथ्यो कै गरी ।

थेगो :- लोकगीतमा पटक पटक दोहोरिएर आउने सार्थक निरर्थक पद वा पदावली नै थेगो हो । मुडिकुवाली लोकगीतमा पनि यस्तो थेगोको प्रयोग भएका लोकगीतहरु प्रशस्त रहेका छन् ।

जस्तै :

यो मायाको साइलो दाइ घर कता पऱ्यो

मैले माया साइलो दाइ लगाउने सुर गऱ्यो ।

तिम्लाई टाढा बारुलै मलाई नी टाढा ।

माछी काँडे बारुलै डाँडैमा घर सार,

यी गीतमा रहेका “साइलो दाइ”  “बारुलै”थेगो हुन् ।

**३) लय वा भाका :**

लयका आधारमा मुडिकुवाली बाह्रमासे लोकगीतको अध्ययन गर्नुपर्दा यी गीतहरु द्रुत र बिलम्बित लयका साह्रै कम र मध्य लयका बढी छन् । यी गीतका सबैजसो अन्तराहरु दुई पङ्तिमा पूराभएका छन् ।पहिलो पङ्ति लयगत संगीत मिलाउने र दोस्रो पङ्तिमा विर्षय र मूख्य भाव रहेका छन् । केही ठाडो भाकाको गीतहरुमा थेगो आदि जोडेर लय निकाले छन् । जस्तै :

काँ बसेर कोसँग रुनी हो
गरो दु:ख को धनि हुनी हो ।

यो मायाको पानैको पासा
छोडी जानी मायाको के आशा

माया तिम्रो सम्झना हुनाले
कैले पनि छोडेन रुनाले
कुन्नि किन हो, हुनसक्छ मायाले धोका दिन हो
सुन्तला दाना
बनायो नी जीवनलाई सम्झना
नरोउ मायालु
आलुका ठेटना
कैले कैले आएर भेटन ।
रेलमा सलल ॥

**४) भाषा शैली :**

मुडीकुवाली बाह्मासे लोकगीतहरु पर्वतेली भाषिकामा पाइन्छन् ।

यस भाषिकाको मुख्य विशेषता ‘छ’को ठाउँमा ‘च’को प्रयोग हुनु हो । अन्य नामिक पदहरुमा पनि आफ्नै चल्तीका शब्दहरु प्रयोग गरिन्छन् । हेरौ भाषाको मानक रुपको परिप्रेक्ष्यमा मुडीकुवाली बाह्मासे लोकगीतहरुमा प्रयुक्त भाषिक रुप :-

| मानक रुप | गीतमा प्रयुक्त रुप |
|---|---|
| लाएकी रहेछु | लाइचु |
| आँप | अम्चुर |
| गऱ्यो | गरो |
| पाक्छ र | पाउच र |
| लाउन नी | लाम्तोनी |
| रक्सी | रउसी |
| गरौं | गरम |
| बुन्नी | बन्नी |
| गोठ | धन्सार |
| साथी | सई |
| माया | मया |
| अम्बा | बेलउती |
| पाऱ्यो | पारो |
| शत्रु | शत्तुर |

**५) लयका आधारमा बाह्मासे लोकगीतको विश्लेषण :-**

लयका आधारमा मुडिकुवाली बाह्मासे लोकगीतको अध्ययन गर्नु पर्दा यी गीतहरु द्रुत र बिलम्बित लयका साह्रै कम र मध्य लयका बढी छन् । यी गीतका सबै जसो अन्तराहरु दुई पङ्ति लयगत संगीत मिलाउने र दोस्रो पङतिमा विषय र मुख्य भाव रहेका छन् । यी मध्ये धेरै जसो गीतहरुमा अन्तरा र स्थायी दुबै छन् । केही ठाडो भाकाका गीतहरुमा स्थायी नभई अन्तरामा नै थेगो आदि जोडेर लय निकालिएका छन् । जस्तै :-

आकशैमा तीन तारे ताँती

दैव पनि लागे छ भै माथि ।

धनी साहुलाइ लरी लरी गुदरी काम्लो , म दु:खी लाई लरी लरी जा बस्यो हि राम्रो । मुडिकुवामा भ्याउरे, संगीनी, गोठाले आदि लयका गीतहरु पाइन्छन । यहां केही भाका वा लयका बाह्मासे लोकगीतहरुको गति यति सहित अक्षर संरचना र गीतको उदाहारण दिइएको छ ।

| भाका | संरचना | अन्तरा | रहनी |
|---|---|---|---|
| मयाँ | २+६=८<br>४+६=१० | मयाँ पानैको सुरतीलाइ<br>देउ मयाँ जुन जाने पिरती | |
| सेरो | ४+६=१०<br>(1)४+६=१० | हेर्दा हेर्दै भिर काट्यो दाइले अब<br>मयाको संग मइले | सेरो को छ र दाइ मेरो |
| लेउन आमा | ४+५=९<br>४+६=१० | यो मयाको सम्झना हुदाँ धरतीमा<br>मुल फूट्यो म रुंदा । | लेउन आमा आँसी र नाम्ली<br>धोवी खोला धोबेनी पलायो |
| नरोउ मायाले | ६+६=१२<br>६+६=१२ | पातलो छपनी कोही दिनको<br>मयाहुँ म पनि | नरोउ मायालु |
| ठाडो | २+२+६=१०<br>२+२+६=१० | यो मायाले हित् गऱ्यो क सित ,<br>आखिरिमा जुनजाने कासित । | |
| दुई खोलीको<br>शीर | | यो मयाको हातैको शिरानी आज<br>मोलि भै गयौ बिरानी | दुई खोलीको शीर धोएर जादैन<br>यो मनको पिर |
| चौतारीको बर | | घर छायो धन्सारै भटायो करिमले<br>क्या धोका कटायो | चौतारीको बर जाँ लान्छ<br>कर्मले त्यहि हो मेरो घर |
| सलेनी | | मैले माया लाएको रोएर जाने<br>छैन पानीले धोएर । | सलेनी बग्यो बलेनी |
| ठाडो | | आकाशैमा तीन तोर ताती दैब<br>पनि लागु छ नै माथि | |
| सम्झना लैजाउ<br>रिबन | | मन त मेरो बढेको गंगा झै दिन<br>राती उडेको चङगा झै | सम्झना लैजाउ रिबना |
| सरर यो मन | | जाने बेला मैसक्यो साथीको ठाडो | सरर यो मन धरर |

| धरर | | टिको फूल लाइ देउ पातीको | |
|---|---|---|---|

## ६. साहित्यक विशेषताका आधारमा विश्लेषण

(क) शब्दशक्ति :-

मुडिकुवाका कतिपय बाहमासा गीतहरु अभिधा अर्थमा मात्र सिमित नभई लक्षण र व्यन्जना अर्थमा समेत अर्थ लगाउनु पर्ने हुन्छ । यहाँ केही लक्ष्यार्थपरक र व्याङ्गयार्थपरक मुडिकुवाली बाहमासे गीतहरुको विश्लेषण गरिएको छ ।

जस्तै : दालको नानी लै

कैले र मार्छौ बाम र माछो

कोरी र छियो जालको नानीलै ।

यसमा अमिधा अर्थमा जाल छिनेकोले माछा मार्न नसकिने कुरा छ भने व्याङ्गर्थमा मायाको जाल छिनेकोले केटी नर्फकिएको वा प्रेमीले प्रमिकालाई लैजान नसकेको अर्थ छ ।

जति र बढिछन काली र गंगा

मन चम्धारै रुनी नानी लै ।

यसमा अमिधा अर्थमा गंगा बढेर गंगाका किनारका घर बगाउंछनकी भन्ने डर छ लक्षार्थमा गंगा बढि ठूलो भएकोले वारपार गर्न मुस्किल भई मायासंग भेटहुन नपाएको अर्थ छ । व्याङ्गयर्थमा चांही विछोडिएको मायालुलाई पर्खेर बस्दा मनको भावनात्मक गंगा उर्लेर बढेको छ तर मायालुको दर्शन नपाएकोले मन चम्धारा रोएको व्यङ्गयात्मक अर्थ छ ।

यस्तै अन्य उदाहरणका गीतहरु

भिर काट्यो मौरीले ख्याल ख्यालैमा

मै माछी मार्दैछु रुप तौलमा

रस खायो मौरीले

हानी देउन फूलैको लौरीले

आंधीखोला बारुलै फन्फनी घुमेको एउटा रुमाल बारुलै दुईटीले बुनेको ।

(ख) रसभावको आधारमा मुसिडकुवाली लोकगीतको विश्लेषण :

साहित्यले मनमा पर्ने प्रभावको आधारमा काव्यशास्त्रमा नौ किसिमको रसको चर्चा पाइन्छ । ती मध्ये मुडिकुवाली बाह्रमासे लोकगीतमा शृङ्गार, करुण हास्य र शान्त रसका लोकगीतहरु धेरै पाइन्छन ।

अ) शृङगार रस

लोकगीतमा पाइने मुख्य रसनै सृङ्गार रस हो । किन भने लोकगीतहरु प्रायः माया र प्रेमसंग सम्बन्धीत हुन्छन् । लोकगीतमा संयोग र विप्रलम्भ दुबै शृङ्गार रस सकिन्छ ।

संयोग शृङ्गार

मुडिकुवाली बासिन्दाले गोठालो, खेतालो , घांस, दाउरा र बनपात गर्दा नै मायाको बन्धनमा बाधिन पुग्छन् । यसै क्रममा एक मायालुले अर्को मायालुलाई पट्याउंदा संयोग शृङ्गारको उत्कर्ष रुपमा लोकगीतहरु निस्पन्न हुन पुग्छन् । जस्तै :-

यो मायाको सुकिलो दन्त

दन्त छाडी जांदैन मन अन्त ॥

रस खायो मौरीले

हानी देउन फुलैको लौरीले ॥ आदि ।

विप्रलम्भ शृङ्गार

मायामा फसिसकेका मायालुहरु विविध कारणवटा एक आपसमा टाढिएर तड्पिएर बांच्दाका क्षणहरुका गीतका अभिव्यक्तिमा विप्रलम्भ शृङ्गार रस आएको हुन्छ । जस्तै

खोलीको दुई पाते

झलझली सम्झन्छु उही साथे ।

घडिलाइ दम दिंदा

रुन्छ मन मयालाइ सम्झिदा ।

आ :- करुण रस

आफुलाइ माया गर्ने मान्छे वा मायालुले यस संसारबाट विदा लिएको अवस्थामा भएका पिडाका अभिव्यक्तिहरुले सिञ्चित लोकगीतमा करुण रस तप्किएको हुन्छ।

जस्तै :-

झऱ्यो दोभान
न तिम्लाई न मलाइ भयो जोवान
सेरो फेरो
हो यो संसारमा कोही छैन दाइ मेरो।
म कर्म हाराले
बाटो छेक्यो आँसुको धाराले। आदि।

इ) हाँस्य रस :-

मुडिकुवाली बासिन्दाहरु वनपात तथा गोढाला , खेताला गर्दा एक आपसमा जिस्किदै हाँसो सृजना गरी गाएका गीतमा हाँस्य रस पाइन्छ। जस्तै :-

रस खायो मौरीले
हानी देउन फुलैको लौरीले
सिसा पिलेट
आउ बस गाम गीत पाँचै मिलेट।
लैनो मैसी के चाहियो हामीलाइ
राम्दी पुल तरेर जानेलाई।

ई) शान्त रस :-

मानिसहरुले जे भए पनि यो मरेर जाने जिन्दगी भनी चित्त बुझाएर मनलाई शान्त गराएर इश्वरको स्मरण गर्दा निकालेका गीति अभिव्यक्तिहरुमा शान्त रस पाइन्छ। मुडिकुवामा प्रचलित शान्त रसका केही लोकगीतहरु

सलल काली गण्डकी

आज याँ छु भोलि त काँ हो काँ

यस्तै छ हाम्रो जिन्दगी ।

प्याउली पलाइ छ

नरोउन निरमाया सुख कल्लाइ छ ।

भिरमा सेती गाई जुनमया लाएनी

मलाइ यत्तिकै ।

ग) अलङ्कारका आधारमा

लोकगीत कोही साहित्यकारले अलंकार शास्त्रको सांचोमा ढाली रचना नगर्ने हुनाले समाजवाटै स्वत स्फुर्त रचित लाकगीतमा अलंकारका सम्पूर्ण छटा पाउन सकिदैन । यति हुँदाहुदै पनि कुनै कुनै लोकगीतमा आम्सेआफ तुक वा लयगत संगति मिलाउने कममा नै केही अलंकारहरु आएको पाइन्छ । यहाँ पर्वतका लोकगीतमा पाइने केही शब्दासंकार र अर्थालंकारका उदाहारणहरु प्रस्तुत छन् ।

वृत्यानुप्रास :-

एक वर्ण वा अनके वर्णको सोहि कममा अनेक पल्ट आवृति भयो भने वृत्यानुप्रास हुन्छ ।

जस्तै :-

एक आनी दई आनी तीन आनी

हामीसित बोल्दिनौ किन नि ।

यसमा “अ” र “न” वर्णको अनेकपटक  आवृत्ति भएको छ ।

छेकानुप्रास :-

एक एक वटा वर्णको सोही कममा एकपल्ट आवृत्ति हुनु छेकानु प्रास हो । जस्तै :-

आकाशैमा जुनकिरी जुनसित

आखिरीमा जुग जाने कुनसित ?

यहाँ “ज” र “न” वर्णको सोहि कममा एक एकपल्ट आवृत्ति भएको छ ।

अन्तयानु प्रास :-

पाउको अन्त्यमा एउटै ब्यञ्जन वर्णको आवृत्ति भयो भने अन्त्यानुप्रास हुन्छ ।

जस्तै :-

धान कुट्यो मिसिनले

लाम्तो मया नछुट्ने किसिमले ।

यसमा पङ्क्तिको अन्त्यको समान वर्ण "ए" दोहोरिएर अन्त्यानुप्रास भएको छ । यसलाई तुक मिलाएको वा टुप्पो मिलाएको पनि भनिन्छ । यस्तो प्रकिया लोकगीतमा अधिक मात्रामा पाइन्छ ।

अर्थालंकार :

साहित्यमा अलंकृत सृजना गर्न......................................

वर्ण वा पदका ठाउमा अर्कै वर्ण वा पद राखे पनि अथवा पर्यायवाची शब्द राखे पनि अलंकार नखजमजिने किसिमले बनेको अलंकारलाई अर्थालंकार भनिन्छ । निम्नानुसार अर्थालंकार अर्न्तगत मुडिकुवाली क्षेत्रका लोकगीतलाई विश्लेषण गर्न सकिन्छ ।

उपमा :-

दुई पदार्थका वीच भिन्नता भएर पनि समानता स्थापना गऱ्यो भने उपमा अलंकार हुन्छ । यसमा उपमेय र उपमानमा कुनै प्रकारले सधर्मताका कारण सादृश्य देखाइन्छ । उपमा हुनको लागि उपमेय र उपमान, वाचक शब्द र साधारण धर्मको योग हुनु पर्दछ । जस्तै :-

मायासंग भेट हुने बित्तिकै

लाग्छ, मया बैनी ज्यू झुल्के घाम जत्तिकै ,

यहाँ वाचक शब्द - जत्तिकै

उपमेय - म

उपमान - झुल्केघाम

साधारण धर्म - लाग्नु

रुपक :- उपमान र उपमेको निशेधरहित आरोपलाई रुपक भनिन्छ । जस्तै :-

थन्थापे बलेवा

तिमी र भयौ तालैको माछो मै भएँ जलेवा ।

यसमा “माछो” र जलेवाको निषेधरहित आरोप “तिमी” र “म” मा लगाइएको छ

अतिशयोक्ति :- कुनै पनि कुराको अतिशय बढाई चढाई गर्दा यो अलङ्कार पर्दछ । जस्तै :-

यो मयाको सम्झना हुँदा

धरतीमा मूल फूट्यो म रुदा ।

यस पङतिमा रुँदा जमिनमा पानीको मूल फूट्यो भनेर बढाइ चढाइ गरिएको छ ।

उत्प्रेक्षा :-

कुनै कुरा प्रति उत्कृष्ट अभिलाषा ब्यक्त हुदा उत्प्रेक्षा अलंकार हुन्छ । जस्तै :-

बिजुली झिल झिल

तिम्रो सोगले बसेन घरमा दिल ।

यसमा मायालुसंग भेट्ने उत्कृष्ट अभिलाषा व्यक्त गरिएको छ ।

स्मरण :-

उपमेयलाइ उपमान देखेर अर्को उपमेयको सम्झना हुनु स्मरण अलंकार हो । जस्तै :-

बास्ना आयो फूल फूल्यो सुपको याद आउँछ त्यो तिम्रो रुपको (प्रेमिका) लाई उपमान (फूल) देखेर प्रेमिकाको स्मरण भएको छ ।

# परिच्छेद : पाँच

## ५. उपसंहार

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने धौलागिरी अञ्चलको द्धारका रुपमा चिनिने प्राकृतिक सौन्दर्यले भरिपूर्ण जिल्ला पर्वत जिल्ला हो। भौगोलिक र धरातलीय हिसाबले अधिकांश भू-भाग डाँडा पाखाले ढाकेको यो जिल्ला कालिगण्डकी र मोदी नदीको काखमा रहेको छ । यो जिल्ला विभिन्न टार, बेसी, पहाड, लेक र उच्च टाकुराहरुले सजिएर उत्तर र दक्षिण फैलिएको छ । यसै पर्वत जिल्लाभित्रको एउटा छुट्टै विशेषता र महत्त्व बोकेको मुडीकुवा क्षेत्रमा आफ्नै मौलिक रहनसहन र भेषभूषाहरु पाइन्छन् । यस क्षेत्रलाई यहाँको बाह्मासे लोकगीतहरुले अझै धनी बनाएको छ । जातीय दृष्टिले हेर्दा यस क्षेत्रमा केही गुरुङ, मगर केही दमाइ, कामी, सार्की तथा नेवारहरु रहेता पनि प्रमुख बाहुल्यता ब्राम्हण र क्षेत्रीहरुको नै छ । जातीय विविधता भए पनि प्राय एउटै प्रकारको सभ्यता र लोक संस्कृति विकसित भएको पाइन्छ । यसै साझा लोक संस्कृतिमा हुर्किएका साझा गति अभिव्यक्तिहरु नै यस क्षेत्रका लोक गीत हुन् । यस क्षेत्रको मोदीवेनी, बाटुलेचौर, खौलाकोट, जिमिरघाट जस्ता धार्मिक स्थलहरुमा विभिन्न अवसरहरुमा लाग्ने रमाइलो मेलामा गुन्जने बाह्मासे गीतहरुले यहाँको वातावरण झङकृत हुने गर्दछन् । खेतिपाती र पशुपालनलाई नै आफ्नौ प्रमुख पेशा बनाउँदै आएका मुडीकुवाली जनमानसले घाँस, दाउरा, मेलापात, गोठाला, खेताला भीर, पाखा, खोला, खोल्सामा गुन्जने लोकगीतहरुमा उनीहरुका सुख-दुःख, आरोह, अवरोह, हर्ष, विस्मातका अनुभूतिहरु छचल्किनुको साथै लोक जीवनको झलकहरु पनि पाइन्छ । यस्ता बाह्मासे लोकगीतहरुको सम्बन्ध ऐतिहासिक, पौराणिक एवम् सामाजिक परम्परा तथा संस्कृति र रीतिरिवाजसँग मात्र नभएर समयानुकुल परिवर्तन हुँदै समसामयिक आधुनिकतासँग पनि रहेको पाइन्छ । यसरी यहाँका लोकगीतको अभिव्यक्तिको समसामयिक परिवर्तन एक अनुपम उदाहरणको रुपमा देख्न सकिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने यस क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतमा यहाँका स्थानीय लोकधारणा सामाजिक परिवेश आर्थिक अवस्था, धार्मिक विश्वास, सभ्यताको विकासक्रम, भाषिक स्वरुप र प्राकृतिक छटाहरुको यथार्थ चित्रण पाइन्छ । केही शब्दालंकार र अर्थालंकारका छटाहरु पनि पाइन्छ । प्रायः दुई पङतिको एकश्लोक हुने गीतहरुको मात्रा यहाँ अधिक छ । यसरी मुडिकुवाली लोकगीतमा विषयगत विविधता साहित्यिक विशेषता, लयगत विविधता, लयगत माधुर्यको संमन्वीकृत रुप पउन सकिन्छ । यसलाई मुडिकुवाली लोकमानसले समयानुकुल सृजनात्मक बान्की चढाउँदै सम्वर्द्धन गर्दै र फैलाउदै गएको छ । यसरी मुडिकुवाली लोकगीतले नेपाली लोकगीतको बिशाल फाँटलाइ अझ फराकिलो पार्ने काम गरेको छ ।

यस अध्यायमा पर्वतको मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतको यथासम्भव अध्ययन गरिको छ तापनि अझै विशिष्टिकृत अध्ययनको खाँचो महसुस गर्न सकिन्छ । यस अध्यायमा जे जति कार्य भएको छ । त्यसले भावी अध्ययनलाई आधार सामग्रीको र्काय गर्ने छ । अन्त्यमा यस अध्ययनले मुडिकुवाको लोकसाहित्यको क्षमता र बैशिष्टयलाई प्रस्तुत गरेको छ । ज्ञानका अन्य क्षेत्रहरु समेत यस अध्ययन बाट लाभान्वित हुने आशा लिइएको छ ।

# सन्दर्भग्रन्थ सूची


– अधिकारी हेमाङ्गराज, 'पूर्वीय समालोचना सिद्धान्त' काठमाडौं,साझा प्रकाशन (२०५६)

– उपाध्यक्ष कृष्णदेव, 'पूर्वीय समालोचना सिद्धान्त' चौथो संस्करण, काठमाडौं, साझा प्रकाशन (२०६०)

– केसी टंक, लोकगीत र हाम्रो राष्ट्रियता काठमाडौं नलिना कला समूह (२०५६)

- केसी विजय बहादुर, जुम्ली लोकगीत (२०२६)

- कोइराला शम्भु प्रसाद,  लोकसाहित्य सिद्धान्त र विश्लेषण (२०५५)

- खनाल रेवतीबरण, नेपाली लोकगीत हाम्रो संस्कृति १२ पृ. ५१-५५ (२०२४)

- गौतम मधुलाल, "बाग्लुङ जिल्लामा प्रचलित उखानको सङ्कलन , वर्मीकरण र विश्लेषण" नेपाली स्नातकोत्तर शोधपत्र  (२०५६)

– जोशी, सत्यमोहन, 'हाम्रो लोकसंस्कृति' काठमाडौं, रत्न पुस्तक भण्डार । (२०१४)

- जोशी गिरिराज, डोटेली लोकसंस्कृतिमा होली पर्व मधुपर्क, १३ चैत्र (२०३७)

– थापा धर्मराज र सुबेदी हंशपुरे, 'नेपाली लोकसाहित्यको विवेचना काठमाडौं, पाठ्यक्रम विकास केन्द्र (२०४१)

- थापा हिमांशु, साहित्य परिचय, काठमाडौं साझा प्रकाशन (२०३६)

– न्यौपाने कुसुमाकर, पैंयुखोले लोकगीतको सङ्कलन , वर्गीकरण र विश्लेषण' काठमाडौं, त्रि. वि. स्नातकोत्तर शोधपत्र

- पन्त कालिभक्त, "हाम्रो साँस्कृतिक इतिहास" (२०२८)

- पराजुली कृष्ण प्रसाद, "नेपाली लोकगीतको परम्परा" सुनकोसी १.पृ.२३-५४ (२०५१)

– बन्धु चुडामणी, 'नेपाली लोकसाहित्य' काठमाडौं एकता बुक्स (२०५८)

- वनवासी देवीप्रसाद, "आधिखोले लोक संस्कृति" स्याङजा चित्रलेखा प्रकाशन (२०५५)

– 'यात्री' पूर्णप्रकाश नेपाली, 'भेरी लोकसाहित्य, काठमाडौं प्रज्ञा प्रतिष्ठान' (२०४१)

– सापकोटा माधवप्रसाद, लोकसाहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन' सुजाता प्रकाशन (२०६६)

- सुवेदी केशव, नेपाली लोकगीत अध्ययन परम्पराका प्रारम्भिक प्रयासहरु सर्वेक्षण विवेचना (२०५६)

– श्रेष्ठ टेक बहादुर, 'पर्वत राज्य र यसका छिमेकी राज्य' त्रि. .वि. वि. एम.ए. शोध प्रबन्ध (२०५०)